जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



## आजदेखि वीरगञ्जको सडक विस्तार हुँदै

**टुडे समाचारदाता**

वीरगञ्ज। लामो समयदेखि रोकिएको वीरगञ्ज महानगरपालिकाको मुख्य सडक विस्तारको काम आइतबार बिहानदेखि सुरु हुने भएको छ। सडक डिभिजन कार्यालय हेटौंडाका अनुसार त्रिभुवन राजपथ अन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक २५/२५ मिटर दायाँ-बायाँ विस्तार गरिनेछ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद दाहालले दिएको जानकारी अनुसार सडकको मध्य भागबाट २५ मिटर क्षेत्रभित्र पर्ने घर, टहरा तथा अन्य संरचना हटाउने काम भोली बिहानदेखि थालिने छ। त्यसका लागि हेटौंडाबाट डोजर, जेसीबी र एक्साभेटरसहित ९ वटा उपकरण वीरगञ्ज ल्याइसकेको समेत बताए।

सडक विस्तारलाई प्रभावकारी बनाउन एकैसाथ पाँच स्थानबाट काम शुरु गर्ने तयारी थालिएको छ। यसका लागि वीरगञ्ज महानगरपालिका, प्रहरी तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरिएको छ।

सर्वोच्च अदालतले २०८१ फागुन २८ गते उक्त सडक विस्तारसम्बन्धी मुद्दामा सरकारको पक्षमा फैसला गर्दै विपक्षीको रिट खारेज गरेपछि परियोजना अघि बढ्ने बाटो खुलेको थियो।

### बोर्डरमा घरायसी सामग्रीमा रोक नलगाउन माग

# सीडीओ, एसपी सरह अनुगमनको अधिकार दिन आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका मधेश प्रदेश अध्यक्ष समेत रहेका सिराहा-४ का सांसद ईञ्जिनियर तपेश्वर यादवले सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी र नेपाल प्रहरीले एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउन रोक लगाएको र भन्सार अनिवार्य गराएको सरकारी निर्णयको विरोध गरेका छन् ।

गृह मन्त्रालयले सीमावर्ती क्षेत्र भारतीय बजारबाट एक सय रुपैयाँभन्दा बढीको घरायसी, खाद्यसामग्री लगायतका मालवस्तुहरुमा भन्सार अनिवार्य गरेकोप्रति सांसद यादवले कडा आपत्ति जनाएका छन् ।

'नेपाल-भारतबीचको रोटी-बेटी सम्बन्ध, उत्तर बिहारमा काम गर्ने नेपाली श्रमिकको अवस्था, तथा करिब ४० वर्षअघिदेखि चलिआएको नीति-नियमलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ' उनले भने, "१० जनाको गलत कामका कारण हजार जनालाई दुःख दिनु हुँदैन ।"

रास्वपाका अध्यक्ष समेत रहेका पूर्वगृहमन्त्री रवि लामिछानेको कार्यकालमा जस्तै स्पष्ट सीमा निर्धारण गरेर समान ल्याउने सहज व्यवस्था गर्नुपर्ने उनले माग गरे ।

लागूऔषध नियन्त्रणमा कडाइ गर्न, मनी लाउन्डरिङ रोक्न, विवाह-भोजका सामान ल्याउँदा सम्बन्धित वडाको सिफारिसका आधारमा सहजता दिन, कृषि सामग्री, मलखाद तथा उत्पादनमुखी सामग्रीमा रोक नलगाउन सांसद ई.यादवले आग्रह गरेका छन् ।



मधेश प्रदेश लगायत लुम्बिनी प्रदेशका सांसदहरुले संयुक्त रूपमा गृहमन्त्री सुदन गुरुङको शनिबार ध्यानाकर्षण गराएका छन् ।

रास्वपा मधेश प्रदेशका अध्यक्ष तपेश्वर यादवको नेतृत्वमा सीमावर्ती समस्याको समाधान र सीमा नाका तत्काल सहज बनाउन नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ।

मधेश प्रदेशको ३२ प्रतिनिधि सभा सिट मध्ये ३० सिट र समानुपातिक तर्फ समेत भारी मत प्राप्त गरेको रास्वपा पार्टी सरकारमा गए लगतै भारतसितको सीमा क्षेत्रमा कडाइ गरेको छ । नेपाल र भारतबीच त्रेतायुगकालदेखि नै रोटीबेटीको सम्बन्ध रही आएको छ।

खुल्ला सीमा र पारिवारिक सम्बन्धको कारण दुई देशका वासिन्दाहरु सहज रुपमा आउजाउ गर्दै आइरहेका छन् । नेपालमा समाजिक, धार्मिक, सांस्कृतिक लगायत निजी प्रयोजनका लागि समेत भारतबाट खाद्य सामग्री, लत्ताकपडा, मलखाद नेपालीहरुले ल्याउने गरेका छन् ।

पछिल्लो समयमा सरकारले त्यसमा रोक लगाएपछि सीमावर्ती तराई/मधेशमा सरकारको व्यापक विरोध हुन थालेको छ । रास्वपाका सांसदहरुलाई समेत जनतामाझ जान समस्या देखिएको छ। चुनावमा उनीहरुले गरेको वाचा विपरीत कार्य हुन थालेको गुनासो मतदाताहरुले गर्न थालेका छन् ।

सरकारको निर्णयको अन्य दलका नेताहरुले खुलेर विरोध गरिरहेका छन् । नेपाल र भारतका बासिन्दाहरुको पारिवारिक सम्बन्ध रहेको विषयमा सरकार गम्भीर हुनु पर्नेमा उनीहरुले जोड दिएका छन्।

नेपाली नम्बरको सवारी साधनलाई भारतमा रोड टेक्स (टोल टेक्स) बाहेकको अन्य कुनै प्रकारको टेक्स लाग्दैन । तर नेपालमा दैनिक रुपमा भन्सार तिरेर आउने सवारी साधनहरुलाई प्रहरीबाट हुने अवैध असुलीलाई रोक्नुपर्ने माग समेत सीमावर्ती जिल्लाका नेताहरुले माग गरेका छन्।

उनीहरुले भारतीय सवारी साधनहरुको भन्सारमा जाँच भइसकेर नेपालमा प्रवेश गरेपछि राजमार्गको सबै चौकीहरुले जाँचको नाममा दुःखदिन प्रवृत्तिको अन्त्य हुनुपर्ने माग गरेका छन्।

रास्वपाका सांसदहरुले पनि सामूहिक रुपमा मधेश लगायत तराई क्षेत्रको समस्याबारे गृहमन्त्रीलाई अवगत गराएपछि चाँडै समाधान हुने अपेक्षा गरिएको छ।

सांसदहरुको टोलीले आन्दोलनका क्रममा पक्राउ परेका जेन-जेड युवामाथिको मुद्दा निःशर्त खारेज गर्न, सांसदलाई प्रमुख जिल्ला अधिकारी (सीडीओ ) र प्रहरी प्रमुख (एसपी) सरह अनुगमनको अधिकार दिनुपर्ने विषय पनि गृहमन्त्री गुरुंगलाई अवगत गराएको बताइएको छ।

सरकारले सीमा क्षेत्रको तनावलाई समयमै सम्बोधन नगरे स्थिति बिग्रन सक्ने चेतावनी विपक्षी दलका नेताहरुले दिइरहेका छन्। सीमावर्ती क्षेत्रमा हुने तस्करीलाई सरकारले नियन्त्रण गर्नुपर्नेमा सर्वसधारणलाई दुख दिन थालेको बताएका छन् ।

साइकल र पैदल यात्रीले ल्याउने थोरै समानलाई सुरक्षाकर्मीहरुले पटक पटक तलासी गर्ने तर ट्रक, पिकअप लगायतका सवारी साधन भरी आउने मालसमानलाई सहज गर्ने कार्य बन्द गर्नुपर्ने उनीहरुको माग छ।

## जसपा नेपालको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमा क्षेत्रमा सामान भन्सार सम्बन्धी नयाँ व्यवस्थालाई लिएर जनता समाजवादी पार्टी नेपालले आपत्ति जनाएको छ।

जसपाका संरक्षक महन्थ ठाकुरले एक विज्ञप्ति जारी गर्दै नेपाल-भारतबीचको ऐतिहासिक र परम्परागत सम्बन्धलाई ध्यानमा राख्दै सरकारको निर्णय पुनर्विचार गर्न माग गरे।

जारी गरिएको विज्ञप्तिमा नेपाल र भारत बीचको मित्रता सम्बन्ध प्राचीनकालदेखि नै आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक रूपमा गहिरो रूपमा जोडिएको उल्लेख गरिएको छ।

हाल नेपाल सरकारले सीमावर्ती क्षेत्रमा भारतबाट आउने व्यक्तिहरूले १०० रुपैयाँसम्मको सामान मात्रै भन्सार नतिरी ल्याउन पाउने व्यवस्था लागु गरेको छ।

### मधेश प्रदेशको अधिकांश विकास योजना ठप्प

# महँगी बढेपछि उपभोक्ताहरु पनि काम गर्न उदासीन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले उपभोक्तामार्फत गराउने कामप्रति ठेकेदारहरु उदासीन देखिएकाले चालु आर्थिक वर्षको २५ लाख रुपैयाँभन्दा कमका योजनाहरु कार्यान्वयनमा समस्या देखिएको छ।

निर्माण सामग्रीको मूल्यमा भएको झण्डै ४० प्रतिशत वृद्धि, मन्त्री, प्राविधिक, उपभोक्ताले लिने कमिसन र ठेकेदारहरुको लगानी अनुपातमा मुनाफा नआउने बताइन्छ।

सरकारले उपभोक्ता समिति मार्फत कामको दाबी गरेपछि त्यो अप्रत्यक्ष रुपमा ठेकेदारले नै गरेको देखिन्छ । कागजमा उपभोक्ता समिति गठन गरिने र त्यो काम ठेकदार मार्फत हुने गरेको छ । कामको लागत र कमिसन नै धेरै रहेकोले उपभोक्ताको नाममा काम गर्ने ठेकेदारहरु उदासीन देखिएका छन् ।



पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिसंगै निर्माण सामग्रीको मुल्य समेत ४० प्रतिशतको हाराहारीमा बढेको छ। निर्माण कार्यमा ठेकेदारहरुले उपभोक्ता समिति मार्फतको काम गर्न उदासीन भएकाले केही मन्त्री र विचौलियाहरु त्राहिमाममा छन्।

प्रदेश सरकारले विगतमा उपभोक्ता समितिमार्फत काम नगराउने निर्णय गरेको थियो । शिल्ड कोटेशन मार्फत नै काम गराउने निर्णय गरेको सरकारले सांसद र मन्त्रीहरुले टेण्डरबाट काम हुँदा कमिसन नआउने भएकाले २५ लाख रुपैयाँसम्मको काम उपभोक्ता समिति मार्फत नै गराउने पछि निर्णय गरेको थियो।

तर निर्माण सामग्रीको मूल्य अकासिएको र कमिसनमा कमि नआएकोले ठेकेदारहरु काम गर्नबाट पछि हटेका छन्। उपभोक्ता समिति मार्फत हुने काममा विवाद आउन सक्ने, अख्तियारमा उजुरी पर्ने लगायतका समस्याहरुले पनि ठेकदारहरु हच्चिएको बताइन्छ।

> प्रदेश सरकारले विगतमा उपभोक्ता समितिमार्फत काम नगराउने निर्णय गरेको थियो । शिल्ड कोटेशन मार्फत नै काम गराउने निर्णय गरेको सरकारले सांसद र मन्त्रीहरुले टेण्डरबाट काम हुँदा कमिसन नआउने भएकाले २५ लाख रुपैयाँसम्मको काम उपभोक्ता समिति मार्फत नै गराउने पछि निर्णय गरेको थियो ।

एकजना प्रदेश सरकारका अनुसार वैशाख देखि हुने भनिएको अधिकांश निर्माण कार्यहरु हुने सम्भावना छैन। विचौलियाहरुले काम गर्ने ठेकदारहरुको खोजीमा व्यग्र रहेको बताइन्छ । गत वर्ष ठेकदारहरुले विचौलियालाई कामका लागि दबाब दिने स्थिति थियो। तर हाल स्थिति फेरिएको ती सचिवले बताए।

मन्त्रालयहरुमा काम गराउने विचौलियाहरु योजनाको पत्र लिएर ठेकदारको पछि परेका छन्। तर ठेकदारहरु नै काम प्रति चासो देखाइरहेका छैनन्।

निर्माणका लागि ठेकदारहरु पछि हटे पनि सप्लाईमा उनीहरु चासो लिएका छन्। ती सचिवका अनुसार निर्माण तर्फको काम हुन नसके पनि तालिम, गोष्ठि, सप्लाई लगायतका कामहरु हुनेछ।

कतिपय सचिवले उपभोक्ता समितिमार्फत कार्य सम्भव नदेखिएकाले शिल्ड कोटेशन गरेर प्रतिष्ठा जोगाउन मन्त्री र मुख्यमन्त्रीलाई सुझाव दिएका छन्। काम नै नहुने स्थिति भएकाले शिल्ड टेण्डर गरिदिदाँ कमिसनको बदनामीबाट जोगिने उनीहरुको सुझाव छ।

मधेश प्रदेशमा उपभोक्ता समितिमार्फत र सप्लाईको काममा व्यापक आर्थिक अनियमितता हुने गरेको आरोप लाग्दै आएको छ । विगतका सरकारहरु पनि उपभोक्ता र सप्लाईको कारण बदनाम भएको थियो।

वर्तमान सरकारले पनि त्यसलाई नै निरन्तरता दिएको छ। स्रोतहरुका अनुसार सरकारले आगामी बजेट बनाउन केन्द्रित हुनुपर्नेमा कमिसन आउने निर्माण कार्यका लागि उपभोक्ता खोज्न व्यस्त रहेको आरोप लागेको छ । जनमत पार्टीले सरकारको गतिविधिप्रति तीव्र असन्तुष्टि जनाउँदै बाहिरिने धम्की समेत दिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा बजेट खर्च निकै घट्ने सचिवहरुले बताएका छन्।

## देउवा समूहद्वारा अदालतको फैसला स्वीकार

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसको शेरबहादुर देउवा समूहले पार्टीको बैधानिकताबारे सर्वोच्च अदालतको फैसलालाई स्वीकार गर्ने निर्णय गरेको छ।

काठमाण्डुस्थित गोल्फुटारमा रहेको खड्काकै निवासमा शनिबार भएको छलफलमा अदालतको फैसलालाई स्वीकार गरेर जाने निर्णय भएको नेता मीन विश्वकर्माले बताए।

उनले कांग्रेसले विधिको शासन, शक्ति पृथकीकरणको आधारमा स्वतन्त्र न्यायपालिकाको निर्णयलाई सदैव आत्मसात गर्ने नीति लिइरहेको र त्यही परम्पराबाट हुर्किंदै बढ्दै आएकोले अदालतको फैसलामा असन्तुष्टि भए पनि स्वीकार गर्ने निष्कर्ष निकालिएको बताए।

नेता विश्वकर्माले आजको छलफल अनौपचारिक रहेको र त्यस क्रममा नेताहरूले आ-आफ्नो धारणा राखेको बताए।

'आगामी दिनमा पार्टीलाई एकताबद्ध बनाएर कसरी लैजान सकिन्छ भन्ने बारेमा परामर्श भयो। यसका बारेमा निरन्तर बैठक बस्दै जाने र देशबाट विभिन्न ठाउँबाट आउनुभएका साथीहरू, विभिन्न पदमा रहेका साथीहरू र सबै साथीहरुको सुझाव र परामर्शलाई पनि सुन्ने र एउटा निष्कर्षमा पुग्ने र यसका लागि केही समय लाग्छ भन्ने निष्कर्ष निकालियो,' उनले भने।

शुक्रबार सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले निर्वाचन आयोगको निर्णय सदर गर्दै शेरबहादुर देउवा र नेता खड्का पक्षको रिट खारेज गरिदिएको थियो।

देउवा समूहले आइतबार पनि अनौपचारिक छलफल गर्ने जनाएको छ।



# मनसुन पूर्वको वर्षाले घटायो वन डढेलो

काठमाण्डु । हरेक वर्षको चैत महिना वन डढेलोको उच्च जोखिममा रहने गर्छ । तर गत चैतमा भने डढेलोको घटना थोरै मात्र घट्यो । मनसुन पूर्वनै औसतभन्दा बढी वर्षा भएकाले अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा गिरावट आएको हो ।

वन तथा भू-संरक्षण विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार २०७८ चैतमा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए । यो सङ्ख्या २०७९ चैतमा घटेर २६७ मा झरेको थियो । २०८० चैतमा २४९ र २०८१ चैतमा पुनः बढेर ३३१ पुगेको थियो । २०८२ चैतमा भने हालसम्मकै थोरै ७९ वटा मात्रै डढेलाका घटना दर्ता भएका छन् ।

समग्रमा २०७८ मा दुई हजार १६२ वटा डढेलोका घटना भएकामा २०७९ मा एक हजार २७० मा झरेको थियो । २०८० मा दुई हजार ५५ र २०८१ मा तीन हजार ४७ पुगेको थियो । २०८२ मा भने ४२४ वटा घटना दर्ता भएका छन् ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले यस वर्ष मनसुन सुरु हुनु अघि नै वर्षा भएका कारण वन डढेलोमा कमी आएको बताउनुभयो । "यस वर्ष वन डढेलाको ठूलो समस्या भएन । तर वन डढेलो कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकमा पनि छलफल भएको थियो," उहाँले भन्नुभयो, "वन डढेलो नियन्त्रणका लागि ड्रोन खरिदलगायतका कुराहरू पनि उठेका थिए । बैठकमा मनसुनजन्य विपद्को रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गर्ने तथा अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग माग गर्ने निर्णयसमेत भएको छ ।"

महिनागत विश्लेषणले वैशाखमा सबैभन्दा धेरै डढेलो हुने गरेको छ । विक्रम संवत् २०७८ मा एक हजार २०४, विसं २०७९ मा ६०९, विसं २०८० मा एक हजार २७० र विसं २०८१ मा एक हजार ९०४ वटा घटना वैशाखमै भएका थिए । विसं २०८२ को वैशाखमा भने डढेलोको सङ्ख्या घटेर १७३ मात्र छ । जेठमा पनि उल्लेख्य सङ्ख्यामा डढेलो हुने गरेको तथ्याङ्कले देखाउँछ ।



> "वन डढेलो नियन्त्रणका लागि ड्रोन खरिदलगायतका कुराहरू पनि उठेका थिए । बैठकमा मनसुनजन्य विपद्को रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गर्ने तथा अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग माग गर्ने निर्णयसमेत भएको छ ।"

वन तथा भू-संरक्षण विभागले सार्वजनिक गरेको वन डढेलोसम्बन्धी प्रतिवेदनले पछिल्लो समय डढेलोको जोखिम बढेसँगै वातावरणीय चुनौतीका रूपमा देखिएको छ । प्रतिवेदनअनुसार कुल घटनामध्ये करिब ८९ प्रतिशत डढेलो फागुनदेखि वैशाखसम्ममा हुने गर्छन् ।

दीर्घकालीन तथ्याङ्कले विसं २०७३ लाई सबैभन्दा गम्भीर डढेलो वर्षका रूपमा देखाएको छ । पछिल्ला वर्षहरूमा पनि डढेलोको जोखिम उच्च छ । विशेषगरी २०७८ र २०८१ मा उल्लेख्य सङ्ख्यामा डढेलोका घटना अभिलेख भएका छन् ।

विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम, लामो सुक्खा अवधि तथा मानवीय कारणले वन डढेलोका घटना बढ्ने बताउनुभयो । "लामो हिउँदे सुक्खा अवधि, न्यून आर्द्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन तथा वन क्षेत्रमा मानव गतिविधि वृद्धि हुने कारण वन डढेलोको जोखिम बढी हुन्छ," उहाँले भन्नुभयो ।

विशेषगरी वैशाख सबैभन्दा जोखिमयुक्त महिनाका रूपमा देखिएको छ, जसमा मात्र कुल घटनाको करिब ५७.७ प्रतिशत डढेलो हुने गरेको छ ।

**यस्तो छ प्रदेशगत वन डढेलो**

प्रदेशगत रूपमा हेर्दा डढेलोबाट पछिल्ला वर्षमा लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित छ । विसं २०७८ मा ४८२ वटा डढेलो भएको लुम्बिनीमा २०८१ सम्म यो सङ्ख्या बढेर ६९८ पुगेको थियो । २०८२ मा भने यो सङ्ख्या घटेर ४४ मा झरेको छ ।

कर्णाली प्रदेशमा पनि २०७८ मा ३१४ बाट २०८१ मा ५७५ पुगेको थियो । तर २०८२ मा भने ५७ वटा वन डढेलोका घटना दर्ता भएका छन् ।

त्यसैगरी, सुदूरपश्चिम प्रदेशमा २०७८ मा ३८९ र २०८१ मा ५२५ वटा डढेलोका घटना भएकामा २०८२ मा भने १३१ वटा घटना दर्ता भएका छन् ।

बागमती प्रदेशमा २०७८ मा ३०३ बाट २०८१ मा ४७५ पुगेको थियो भने २०८२ मा यो सङ्ख्या घटेर ७६ पुगेको छ ।

गण्डकी प्रदेशमा २०८१ मा २४९ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३५ वटा दर्ता भएका छन् । यसैगरी, कोशी प्रदेशमा २०८१ मा २८७ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३१ पुगेको छ ।

अघिल्लो वर्ष मधेस प्रदेशमा २३८ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ५० मा झरेको छ ।

तथ्याङ्कले २०८२ मा सबैभन्दा बढी सुदूरपश्चिममा र सबैभन्दा कम कोशी प्रदेशमा डढेलो भएको देखाउँछ । वन तथा भू-संरक्षण विभागको तथ्याङ्कमा विशेषगरी विसं २०७३, २०७८ र २०८१ मा अत्यधिक डढेलो घटना अभिलेख भएका छन् ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको पाँच वर्षमा वन डढेलोका कारण करिब ९१ करोड ७९ लाख रुपैयाँ आर्थिक क्षति भएको जानकारी दिनुभयो ।

**मनसुन पूर्वनै सरदरभन्दा बढी वर्षा**

मनसुन सुरु हुनुपूर्व नै औसतभन्दा बढी वर्षा हुँदा सुक्खापन घटेको र वन डढेलोजस्ता प्राकृतिक विपद्का घटना कम भएको मौसमविद्को भनाइ छ ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् डिविड ढकालका अनुसार शुक्रबारसम्म प्रि-मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा 'रेकर्ड' भएको छ । "यस अवधिमा सामान्यतया करिब ३० प्रतिशत वर्षा हुने गरे पनि यस वर्ष ४४ दशमलव ३ प्रतिशत वर्षा भइसकेको छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार विभागअन्तर्गत रहेका २० वटा मौसमी स्टेसनमध्ये जुम्लामा सरदर वर्षा भएको छ भने अन्य अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा मापन गरिएको छ । ढकालले हालसम्म कुल १०१ दशमलव ४ मिलिमिटर वर्षा भइसकेको जानकारी दिँदै यसले सुक्खा अवस्था कम गर्न र वन डढेलोको जोखिम घटाउन सहयोग पुगेको उल्लेख गर्नुभयो ।

वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ अनुसार वन क्षेत्रको विस्तारसँगै उचित व्यवस्थापन र सदुपयोगको अभावमा वनमा आगलागीको जोखिम पनि बढेको छ । विगतका घटनाहरूका आधारमा अधिकांश वन डढेलो मानिसले लगाएको देखिन्छ ।

वन डढेलो लाग्ने कारणहरूमा चरिचरनका लागि आगो लगाउने प्रवृत्ति (३० प्रतिशत), चुरोट पिउनेहरूबाट (१५ प्रतिशत), सिकारीहरूबाट (सात प्रतिशत), वनभोज, क्याम्प फायर आदिबाट (सात प्रतिशत), बच्चाहरू खेल्दा (छ प्रतिशत), अवैध काठ कटान गर्नेहरूबाट (पाँच प्रतिशत), अतिक्रमणकारीहरूबाट (पाँच प्रतिशत), खोरिया फँडानीबाट (पाँच प्रतिशत), अज्ञात कारणबाट (चार प्रतिशत), गोल पोल्नेबाट (चार प्रतिशत), जडीबुटी सङ्कलकहरूबाट (तीन प्रतिशत), राँको बाल्ने कारणले (तीन प्रतिशत) तथा खेतीपातीका लागि (एक प्रतिशत) रहेको कार्ययोजनामा उल्लेख छ ।

समग्रमा मानिसहरूको जानाजानीबाट ६४ प्रतिशत, लापरबाहीबाट ३२ प्रतिशत र अज्ञात कारणबाट चार प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्याङ्क छ । रासस

# विद्यालयको भवन उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका १६ कपिलेश्वर स्थित आधारभूत विद्यालयको नवनिर्मित चारकोठे भवनको उद्घाटन गरिएको छ ।

संघीय सरकारबाट ५५ लाख रुपैयाँ, जनकपुरधाम उपमहानगरपालिकाबाट २ लाख रुपैयाँ तथा विद्यालयको आन्तरिक स्रोतबाट ३ लाख रुपैयाँ गरी ६० लाखको लागतमा सो भवन निर्माण गरिएको जनाइएको छ ।

विद्यालय भवनको समुद्घाटन गर्दै प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले आफ्नो कार्यकालमा शिक्षाको क्षेत्रमा महत्वपूर्ण सुधार ल्याइएको बताए । उनले वैशाख १५ गतेसम्म सबै विद्यालयमा दरबन्दी मिलान गरिने र कुनै पनि विद्यालयमा शिक्षकको अभाव हुन नदिने प्रतिबद्धता जनाए ।

मेयर साहले संघीय सरकारसँगको सहकार्यमा शिक्षामा सुधार ल्याउने प्रयास भइरहेको चर्चा गर्दै शिक्षामा कुनै पनि प्रकारको कमजोरी वा लापरवाही अब सह्य नहुने चेतावनी दिए । उनले उपमहानगरभित्रका सबै सामुदायिक विद्यालयहरूमा आवश्यक पूर्वाधार विकासका लागि बजेट परिचालन भइसकेको जानकारी समेत दिए ।

साथै उनले कपिलेश्वर क्षेत्रमा खेलकुद मैदान निर्माणका लागि बजेट छुट्याइ सकिएपनि गुठीको जग्गा रहेका कारणले जग्गा सम्बन्धी प्रक्रिया पूरा नभएकाले समस्या भएको बताए । सार्वजनिक शौचालय निर्माणमा पनि गुठी पक्षबाट सहयोग नपाइएको गुनासो उनले गरे ।

कार्यक्रमका अध्यक्ष वडाध्यक्ष रामचन्द्र पजियारले जीर्ण अवस्थामा रहेको विद्यालयलाई सुधार गर्ने प्रतिबद्धता अनुसार चारकोठे




भवन निर्माण सम्पन्न गराएको बताए । उनले विद्यार्थी संख्या वृद्धि गर्न आफूले पहल गर्ने र वडाभित्र सडक सञ्जाल विस्तारका लागि पनि काम भइरहेको जानकारी दिए ।

सो कार्यक्रममा उपमेयर किशोरी साह, विद्यालयका प्रधानाध्यापक गौरीशंकर लाल कर्ण, स्थानीय जनप्रतिनिधि तथा भद्रभलादमीहरूको उपस्थिति रहेको थियो । प्रधानाध्यापक कर्णले नवनिर्मित भवनमध्ये एक कोठामा कार्यालय सञ्चालन गरिनेछ भने बाँकी तीन कोठामा यसै आर्थिक वर्षदेखि कक्षा ८ सञ्चालन गरिने जानकारी दिएका छन् ।

## 'अनलाइन'बाट मतदाता नामावली दर्ता गर्नेको सङ्ख्यामा वृद्धि

जुम्ला । राष्ट्रिय परिचयपत्रको नम्बरमार्फत मतदाता नामावलीमा 'अनलाइन'बाटै नाम दर्ता गर्नेको सङ्ख्यामा वृद्धि भएको छ ।

निर्वाचन आयोगको केन्द्रीय कार्यालयले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम पुनः सुरु गरेसँगै राष्ट्रिय परिचयपत्र बनाएका अधिकांश मतदाताले अनलाइनबाटै नाम दर्ता गराउन थालेको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी दीपेन्द्र कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार आवेदन दिएकामध्ये करिब ९० प्रतिशतले अनलाइनबाटै नाम दर्ता गरेका छन् ।

हालसम्म राष्ट्रिय परिचयपत्रबाट ३३५ र कार्यालयमा भौतिक रूपमा उपस्थित भएका पाँच जना गरी ४४० जनाले मतदाता नामावलीमा नाम दर्ता गरेको निर्वाचन अधिकारी कँडेलको भनाइ छ । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न यहाँका सबै स्थानीय तहलाई पत्रचार गरिएको छ । रासस

# सीमा कडाईमा आलमको असन्तुष्टि



**टुडे समाचारदाता**

रौतहट । संघीय सरकारले सीमामा गरेको कडाईप्रति नेपाली कांग्रेसका सांसद डाक्टर फिर्दोष आलमले असन्तुष्टि जनाएका छन् ।

उनले सदियौँदेखि कायम रहेको 'रोटी-बेटी' सम्बन्ध र सीमावर्ती जनजीवनको वास्तविकतालाई बेवास्ता गर्दै सरकारले लिएको कदमले मधेशका जनतालाई अनावश्यक दुःख दिएको बताएका छन् ।

आलमका अनुसार सीमावर्ती बासिन्दाले दैनिक उपभोगका सामग्रीका लागि नजिकैका भारतीय बजारमा निर्भर रहँदै आएका छन् यसमा कडाई गर्नु उचित छैन । साथै, सीमित क्षेत्रमा भारतीय नम्बर प्लेटका सवारी प्रयोग गर्नु पनि त्यहाँको पुरानो अभ्यास हो । तर पछिल्लो समय कर उठाउने नाममा भइरहेको कडाइले स्थानीयलाई प्रताडित र त्रसित बनाएको उनको भनाइ छ ।

उनले सरकारलाई यस्तो 'अन्यायपूर्ण र मधेस विरोधी' निर्णय सच्याउन आग्रह गर्दै, सीमावर्ती जनताको भावना र आवश्यकताको कदर गर्नुपर्ने बताएका छन् । अन्यथा, नागरिकहरू आफ्नो हक-अधिकार र परम्परागत सुविधा जोगाउन संघर्षमा उत्रिन बाध्य हुने चेतावनी समेत दिएका छन् ।

स्थानीय आवश्यकता, ऐतिहासिक सम्बन्ध र राज्यको नियामक भूमिकाबीच सन्तुलन कायम गर्न नसक्दा यस्ता विवादहरू चर्किन सक्छन् । त्यसैले प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले नीति बनाउँदा सीमावर्ती नागरिकको वास्तविक जीवनशैलीलाई केन्द्रमा राखेर चरणबद्ध र व्यवहारिक निर्णय लिनु आवश्यक रहेको उनको भनाई छ ।

# राजश्रीको दुई दिने तालिम सम्पन्न

**टुडे समाचारदाता**

मलंगवा । राजश्री सेविङ्स एण्ड क्रेडिट को-आपरेटिभ सोसाईटी लिमिटेड प्रधान कार्यालय मलंगवाको दुईदिने "नरम व्यवस्थापन कौशल" र "भावनात्मक बुद्धिमत्ता" सम्बन्धी तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष नागेन्द्र प्रसाद यादवको सभापतित्वमा आयोजित उक्त कार्यक्रममा सहकारीका शाखा प्रबन्धक, कर्मचारी तथा संचालक समिति सदस्यहरुको सहभागिता रहेको थियो । मुख्य प्रबन्धक राजनहरि श्रेष्ठका अनुसार तालिममार्फत संस्थामा कार्यरत जनशक्तिको व्यवहारिक, सामाजिक तथा व्यवस्थापन सम्बन्धी सीप अभिवृद्धि गर्ने उद्देश्य राखिएको थियो ।

तालिममा पूर्व डिआईजी रमेश खरेल तथा प्रशिक्षक रमेश शर्माले




सहजीकरण गरेका थिए । प्रशिक्षक शर्माका अनुसार यस्ता सीपहरू प्राविधिक नभए पनि कार्यस्थलमा मानिससँग प्रभावकारी रूपमा काम गर्न अत्यन्त आवश्यक हुन्छन् । तालिमपछि सहभागीहरूको कार्यशैली, व्यवहार तथा सेवाप्रवाहमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गरिएको छ ।

तालिममा सञ्चार सीप, टोली सहकार्य, नेतृत्व क्षमता, समस्या समाधान तथा समय व्यवस्थापन जस्ता विषयमा विशेष जोड दिइएको थियो। साथै भावनात्मक बुद्धिमत्ताको विकासमार्फत मुस्कानसहित सेवा प्रवाह गर्ने क्षमतामा समेत सुधार आउने प्रशिक्षकहरूले बताएका छन् ।

कार्यक्रममा सहभागी एक शाखा प्रबन्धकले तालिमबाट कर्मचारीहरूले भोग्ने मानसिक दबाब, व्यवस्थापनका चुनौती तथा समाधानका उपायहरूबारे व्यावहारिक ज्ञान दिएको बताए । "तनाव व्यवस्थापन भनेको समस्या नहुनु होइन, समस्यासँग कसरी स्वस्थ तरिकाले व्यवहार गर्ने भन्ने हो," उनले भने ।

उनका अनुसार कुनै पनि कर्मचारीमा शान्त मनस्थिति र सकारात्मक सोच विकास भएमा त्यसले समग्र संस्थागत वातावरणमा सकारात्मक प्रभाव पार्ने गर्दछ । उनले यस्तो तालिम सहकारीमा आबद्ध सबै कर्मचारीका लागि लाभदायक रहेको धारणा व्यक्त गरे । यस्ता क्षमता अभिवृद्धि कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने राजश्री प्रधान कार्यालय मलंगवाले जनाएको छ ।


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | लामो समयदेखि थाँती रहेका कामहरु पुनः सुचारु हुनेछन् । |
| वृष : | तपाईको मेहनतको उचित मूल्याङ्कन हुने दिन छ । |
| मिथुन : | परिवार र आफन्तको सहयोगले ठुला कामहरु सहजै सम्पन्न गर्न सकिनेछ । |
| कर्कट : | समाजमा तपाईको मान-सम्मान र प्रतिष्ठा बढ्ने समय छ । |
| सिंह : | व्यवसायिक क्षेत्रमा केही अतिरिक्त खर्च आउन सक्छ । |
| कन्या : | धैर्य राखेर काम गर्दा सफलता नजिक आउनेछ । |
| तुला : | कामका क्षेत्रमा विभिन्न अवसरहरु प्राप्त हुनेछन् । |
| वृश्चिक : | रमाइलो जमघट तथा सामाजिक कार्यक्रममा सहभागी हुने अवसर मिल्नेछ। |
| धनु : | व्यापार-व्यवसायमा राम्रो फाइदा हुने सम्भावना छ । |
| मकर : | काममा परिवारको राम्रो सहयोग प्राप्त हुनेछ। |
| कुम्भ: | आफ्नो क्षेत्रमा नेतृत्व गर्ने अवसर प्राप्त हुनेछ । |
| मीन: | नयाँ अवसरहरु प्राप्त हुनेछन् । |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पोखरामा राष्ट्रिय जैविक विविधता रणनीति छलफल : बाँदर समस्या बढ्दो



गण्डकी । जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ शुक्रबार पोखरामा 'राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना(२०२६-२०३०)' सम्बन्धमा छलफल गरिएको छ।

वन तथा वातावरण मन्त्रालयको आयोजनामा सरोकारवाला निकायका प्रतिनिधि सहभागी छलफलमा सहभागीले जैविक विविधताको संरक्षण, जलवायु परिवर्तनका असर न्यूनीकरण, प्राकृतिक स्रोतको दिगो उपयोग तथा स्थानीय समुदायको सहभागिता सुदृढ गर्ने लगायतका विषयमा आ आफ्ना धारणा राख्नुभएको थियो।

पछिल्ला समयमा बाँदरको बढ्दो जोखिम, जलवायुपरिवर्तनको असर न्यूनीकरणसँगै प्राकृतिक स्रोतको संरक्षणसँगै उपयोग हुनुपर्ने कुरामा वक्ताले जोड दिएका थिए।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)का बीरेन्द्र बस्नेतले यस रणनीति तथा कार्ययोजनाले संरक्षणसँगै उपयोगका विषय र जैविक विविधताको विषय समाजको हरेक पक्षसँग जोडिने उहाँले बताउनुभयो।

वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशका सचिव मोहनराज काफ्लेले जैविक विविधता समाजका हरेक पक्षसँग जोडिने बताउँदै यसलाई बचाउनु हामी सबैको साझा कर्तव्य भएको बताउनुभयो।

वन संरक्षण तथा व्यवस्थापन महाशाखाका प्रमुख पूर्णेश्वर सुवेदीले जैविक विविधता समृद्धिको आधारस्तम्भ भएको बताउँदै यसको संरक्षण र उपयोग आवश्यक हुनेमा जोड दिनुभयो।

कार्यक्रममा सामूदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालिदाश सुवेदी, जिल्ला वन अधिकृत कोमल काफ्ले, उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका कोषाध्यष राजेन्द्र ओझा लगायतले प्राकृतिक साधनस्रोतको संरक्षणसँगै यसको सहज उपयोगलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो। रासस

# भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायरको सङ्ख्या तेब्बरले वृद्धि




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीविरुद्ध उल्लेख्य सङ्ख्यामा भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायर गरेको छ।

सो अवधिमा कुल एक लाख ६६ हजार ५२० उजुरी परेकामा एक लाख २१ हजार ९४३ (७३ दशमलव २३ प्रतिशत) फछ्र्यौट भई ७९८ मुद्दा दायर भएका छन् । ती मुद्दामा चार हजार ६६२ जनालाई प्रतिवादी बनाई ३१ अर्ब ५२ करोड २५ लाख पाँच हजार ५७३ रुपैयाँ बिगो दाबी गरिएको छ। यी मुद्दामा विशेष अदालतबाट सरदर ५५ प्रतिशत कसुर स्थापित भएको छ भने कसुर स्थापित नभएकामध्ये ७१९ मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरावलोकनका लागि सर्वोच्च अदालत गएको छ। पुनरावलोकन गरिएकामध्ये नौ मुद्दामा अख्तियारको माग दाबीअनुसार सर्वोच्च अदालतबाट ठहर भएको आयोगले जनाएको छ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारीले २०७७ माघ २१ गतेदेखि पद बहाली गरेका थिए । आर्थिक वर्ष २०७७/७८ को तुलनामा पछिल्लो आर्थिक वर्षमा उजुरी, फछ्र्यौट र मुद्दा दायरको आँकडा बढ्दो देखिएको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७७/७८ को माघसम्ममा १२ हजार ४९६ उजुरी र ४६ मुद्दा दायरी भई २३० प्रतिवादी रहेकामा चालु आर्थिक वर्षको गत चैत मसान्तसम्म २८ हजार ४१६ उजुरी र १२१ मुद्दा दायर भई ४२९ प्रतिवादी छन् । आर्थिक वर्ष २०७७/७८ मा दायर भएका मुद्दामध्ये ६८ प्रतिशत कसुर स्थापित भएका थिए भने चालु आर्थिक वर्षको चैतसम्ममा ४८ दशमलव ८५ प्रतिशत कसुर स्थापित भएका छन् ।

यसैगरी, आव २०७८/७९ मा २४ हजार ३३१ उजुरी परेकामा ७० दशमलव ५६ प्रतिशत फछ्र्यौट भई १३१ मुद्दा दायर भई ६३९ प्रतिवादी रहेका थिए । आव २०७९/८० मा २८ हजार ६५ उजुरी परेकामा ६६ दशमलव ९८ प्रतिशत फछ्र्यौट भई १६१ मुद्दा दायर भएकामा ७६६ प्रतिवादी कायम गरिएको थियो । यी मुद्दामा ३३ दशमलव ४३ प्रतिशत कसुर स्थापित भएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेकामा ७६ दशमलव ५९ प्रतिशत फछ्र्यौट भई २०१ मुद्दामा गरी एक हजार ५४५ प्रतिवादी रहेका थिए। यसमध्ये ६५ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो । आव २०८१/८२ मा ३७ हजार २६ उजुरीमध्ये ८० दशमलव २२ प्रतिशत फछ्र्यौट भई १३७ मुद्दामा ७५३ प्रतिवादी कायम भए। यीमध्ये ५२ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो।

संसद्को गत अधिवेशनमा पेस भएको अख्तियारको ३५औं वार्षिक प्रतिवेदनमा प्रदेशगत आधारमा हेर्दा बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बन्धी उजुरीको सङ्ख्या बढी देखिएको छ।

'स्टिङ अपरेसन'का सम्बन्धमा सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने गरी २०७८ वैशाख ८ मा फैसला भएका कारण त्यसयता घूस (रिसवत) सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलता दर केही घट्न गएको आयोगको बुझाइ छ।

आयोगले प्राप्त उजुरी, आयोगको अनुसन्धान र विद्यमान कानुनी व्यवस्थाअनुसार मुद्दा अघि बढाउने भएकाले विशेष अदालतको फैसलाबारे पुनरावलोकनबाहेक अरू विकल्प आफूहरूसँग नहुने प्रवक्ता न्यौपानेको भनाइ छ।

नेपालको संविधानको भाग २१ बमोजिम दुरुपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी वा गराई त्यस्तो अनुसन्धानबाट कसुरदार देखिएमा त्यस्ता व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गराउँदै आएको छ।

आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने वा गराउने कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरू तय गरी सदाचार, निष्पक्षता, निडरता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवं अभियोजनजस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आएको प्रवक्ता न्यौपानेले बताउनुभयो।

आयोगले यसबीचमा दायर गरेका मुद्दामा प्रतिवादी बनाइएकामा तत्कालीन प्रधानमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म छन् । आयोगका अनुसार २०७७ माघ २१ देखि गत चैत मसान्तसम्ममा यस वर्गमा १०२ प्रतिवादी भएका छन् । प्रतिवादी बनाइएकामा पतञ्जली योगपीठको जग्गा साटफेर प्रकरणमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, वाइडबडी खरिदमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, टेरामक्स खरिदमा तत्कालीन सूचना तथा प्रविधिमन्त्री मोहनबहादुर बस्नेत, लिची बगैँचा जग्गाको घूस रिसवतमा तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्था, सहकारी र गरिबी निवारणमन्त्री रंजिता श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणको अनियमितता मुद्दामा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भीमप्रसाद आचार्य र दीपक चन्द अमात्य तथा तत्कालीन अर्थमन्त्री डा रामशरण महत प्रतिवादी रहनुभएको छ।

यस्तै, भन्सार छलेर सुन ल्याएको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध आयोगले मुद्दा दायर गरेको छ । यसैगरी, विभिन्न प्रदेशका मन्त्री, सांसद, नगर तथा गाउँपालिकाका प्रमुख र अध्यक्ष तथा उपप्रमुख र उपाध्यक्षविरुद्ध पनि मुद्दा दायर भएको छ।

यसैगरी, पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालविरुद्ध अन्तःशुल्क स्टिकरमा मुद्दा दायर भई किनारा लागिसकेको छ भने नेपाल सरकारका तत्कालीन सचिवहरू रामकुमार श्रेष्ठविरुद्ध गैह्रकानुनी सम्पत्ति आर्जन, शङ्करप्रसाद अधिकारीविरुद्ध वाइडबडी खरिद, सञ्जय शर्माविरुद्ध नेसनल पेमेन्ट गेटवे, छविराज पन्तविरुद्ध पतञ्जली योगपीठ जग्गा साटफेरमा मुद्दा दायर गरिएको छ।

तत्कालीन सचिवहरू सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा र भेषराज शर्माविरुद्ध विमानस्थल निर्माणमा लागत बढाइएको विषयमा मुद्दा दायर भएको छ । यस्तै, विभिन्न सहसचिव, महानिर्देशकहरू, प्रदेश सचिव, सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा विभिन्न कर्मचारीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको हालको संशोधित व्यवस्थाअनुसार आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण कसुरका तत्व देखिएमा सोको समेत अनुसन्धान गर्ने व्यवस्था रहेको छ। रासस

## आँखा स्वास्थ्य सेवामा 'डिजिटल' युगको सुरुआत :

# विराटनगर आँखा अस्पतालमा 'डिजिटल ट्रेनिङ हब' सञ्चालन



विराटनगर । नेपालको आँखा स्वास्थ्य क्षेत्रमा नवप्रवर्तन, गुणस्तर र पहुँच विस्तारमा नयाँ मानक स्थापित गर्ने ध्येयले विराटनगर आँखा अस्पतालमा अत्याधुनिक 'डिजिटल ट्रेनिङ हब' सञ्चालन ल्याइएको छ। नेपाल नेत्रज्योति सङघद्वारा सञ्चालित सो अस्पतालमा अर्बिस इन्टरनेशनलसँगका सहकार्यमा लहान आँखा तथा कान स्वास्थ्य सेवा प्रणाली (लिक्स) अन्तर्गत पहिलो पटक 'डिजिटल ट्रेनिङ हब' थालनी गरिएको हो।

नेपालमै पहिलो पटक स्थापना गरिएको सो 'हब'ले विशेष गरेर आँखा स्वास्थ्य सेवामा परम्परागत शिक्षण पद्धतिबाट प्रविधिमा आधारित आधुनिक चिकित्सा तालिमतर्फ ऐतिहासिक फड्को मार्ने अपेक्षा गरिएको छ। अत्याधुनिक 'सर्जिकल सिमुलेटर', 'वेट ल्याब', 'भर्चुअल लर्निङ सिस्टम' तथा 'साइबर साइट' मार्फत उपलब्ध विश्वव्यापि टेलि-मेन्टोरिङ सुविधासहित चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले अझ सुरक्षित, भरपर्दो र आत्मविश्वासका साथ सो तालिम केन्द्रबाट सीप विकास गर्न सक्ने जनाइएको छ।

लिक्स परियोजनाअन्तर्गत सञ्चालन हुने तालिममा नेपालभरिका आँखा अस्पताल, मेडिकल कलेज, निजी तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिका साथै अन्तरराष्ट्रिय स्वास्थ्य संस्थाका पेशाकर्मीहरूको समेत सहभागिता रहनेछ। तालिमहरू विश्वस्तरका अनुभवि विशेषज्ञहरूद्वारा सहजिकरण गरिने नेपाल नेत्रज्योति सङघले जनाएको छ।

यस केन्द्रले स्वास्थ्य सेवा सुदृढीकरणसँगै अन्तरराष्ट्रिय प्रशिक्षार्थी आकर्षित गरी चिकित्सा शिक्षा पर्यटन प्रवर्द्धन गर्ने तथा महँगो विदेश तालिममा निर्भरता घटाउने अपेक्षा गरिएको छ। साथै यससँगै विराटनगर आँखा अस्पताल एक अग्रणी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तालिम केन्द्रका रूपमा स्थापित हुने विश्वास गरिएको छ।

लहान आँखा तथा कान स्वास्थ्य सेवा प्रणालीका (लिक्स) प्रमुख प्रशासक सुधिर ठाकुरका अनुसार लिक्स अन्तर्गत सञ्चालित यस सञ्जालले दुई अस्पताल तथा ४० भन्दा बढी आँखा उपचार केन्द्रमार्फत शहरीदेखि दूर्गम क्षेत्रसम्म सेवा विस्तार गर्दै आएको छ। सन् २०२५ मा मात्र १४ लाखभन्दा बढी आँखा सेवा प्रदान गरिएको छ, यसमा १ लाख ३२ हजारभन्दा बढी दृष्टि पुनःस्थापना शल्यक्रिया तथा ७ लाख ६४ हजारभन्दा बढी सामुदायिक सेवा समावेश छन्। स्थापना कालदेखि हालसम्म १ करोड ६६ लाखभन्दा बढी सेवा र झण्डै २५ लाख शल्यक्रिया भइसकेका छन्।

नेपालको आँखा स्वास्थ्य सेवामा ऐतिहासिक उपलब्धि हाँसिल हुने अपेक्षा गरिएको सो 'हब'को कोशी प्रदेशका स्वास्थ्य मानबहादुर लिम्बू तथा अर्बिस इन्टरनेशनलकी अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत क्याथलिन ए. शेरविनले हालै संयुक्त रूपमा शुभारम्भ गर्नुभयो।

सो अवसरमा नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्राडा चेतराज पन्त, महासचिव भरतबहादुर चन्द, कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्र, विराटनगर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष पद्मनारायण चौधरी तथा अर्बिस इन्टरनेशनल भारतका देशीय निर्देशक डा ऋषिराज बोहरा लगायतको उपस्थिति थियो।

'डिजिटल ट्रेनिङ हब'ले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा नवप्रवर्तन, गुणस्तर र पहुँच विस्तारमा नयाँ मापदण्ड स्थापित गर्दै रोकथामयोग्य अन्धोपन न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। रासस

# सिरुवारीमा 'बेञ्चिङ' बिधिबाट पहिरो रोकथाम




म्याग्द । कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडक अर्न्तगत म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ सिरुबारीमा पहिरो रोकथामका लागि 'बेञ्चिङ' बिधि अपनाइएको छ।

सिरुवारीमा बर्खायाममा पहिरो खसेर सडक अवरुद्ध हुने समस्याको अस्थायी समाधानका लागि भारत र चीन जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडक आयोजनाले अल्पकालिन रुपमा कम खर्चमा पहिरो रोकथाम गर्न सकिने 'बेञ्चिङ' बिधि अपनाएको हो । म्याग्दीका सडकमा पहिरो रोकथामका लागि 'बेञ्चिङ' बिधि पहिलो पटक सिरुवारी पहिरोमा प्रयोग भएको हो।

अस्थायी रुपमा सिरुवारी पहिरो रोकथाम गरेर आगामी बर्खामा बेनी-जोमसोम-कोरला सडकमा नियमित यातायात सञ्चालनका लागि 'बेञ्चिङ' बिधि अपनाइएको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो।

"सिरुवारीको तीन सय मिटर दुरीको पहिरोको दिर्घकालिन समाधानका लागि आवश्यक पर्ने रु. ६० करोड बजेटको स्रोत सुनिश्चितता हुन नसकेपछि आयोजनाले आन्तरिक स्रोतबाट अस्थायी रुपमा पहिरो रोकथाम गर्न बेञ्चिङ गरेको हो," उहाँले भन्नुभयो "भिरालो पाखाको पहिरोलाई सिधै सडकमा खस्न नदिनका लागि गह्रा/गह्रा बनाइएको छ।"

गत चैत महिनाको पहिलो सातादेखि डोजर परिचालन गरेर शुरु गरिएको बेञ्चिङ गर्ने कार्य केही दिनअघि सकिएको हो । सिरुबारीमा सडकदेखि एक किलोमिटर माथिसम्मको जमिन पहिरोमा परिणत भएको छ । सडकतल कालीगण्डकी नदी छ । पछिल्लो तीन वर्षयता बर्खायाममा सिरुवारीको सडक माथिबाट पहिरो खसेर दैनिक जसो बेनी-जोमसोम सडक अवरुद्ध हुने गरेको छ।

सडक अवरुद्ध हुँदा कोरला नाकाबाट नेपाली बजारमा सामान ल्याएर आउने कन्टेनर, मुस्ताङ जाने आउने पर्यटक, तिर्थयात्री र स्थानीयबासीहरु बिच बाटोमै रोकिएर अलपत्र पर्ने समस्या छ । बेनी-जोमसोम सडकको अन्य ठाउँका ठूला पहिरो नियन्त्रणका लागि काम थालिएपनि सबैभन्दा ठूलो सिरुवारीको पहिरो रोकथामका लागि बजेट अभावमा काम हुन सकेको थिएन्। रासस

# गुल्मीमा सातामा चार पटक हवाई सेवा सञ्चालन



गुल्मी । गुल्मीको रेसुङ्गा विमानस्थलबाट आजदेखि सातामा चार पटक हवाई उडान सञ्चालन हुने भएका छन् । नेपाल वायुसेवा निगमले काठमाडौँबाट गुल्मीका लागि आइतबार, मङ्गलबार, बिहीबार र शनिबार उडान भर्ने तालिका सार्वजनिक गरेको हो।

यसअघि आइतबार, मङ्गलबार र बिहीबार उडान सञ्चालन हुँदै आएको थियो । नेपाल वायुसेवा निगमका आन्तरिक उडानतर्फ रहेका ट्विनअटर जहाजको मर्मतसम्भार गरेसँगै उडान तालिका थप गरिएको रेसुङ्गाका स्टेसनका प्रमुख सुमन थापाले जानकारी दिनुभयो । उहाँका अनुसार निगमको उडान तालिका थप भएसँगै भाडादरसमेत वृद्धि भएको छ।


पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै रेसुङ्गा-काठमाडौँको हवाई उडानको भाडादरमा वृद्धि भएको स्टेसन प्रमुख थापाले बताउनुभयो। नयाँ लागू गरिएको भाडादर अनुसार काठमाडौँबाट रेसुङ्गाका लागि रु १० हजार ९०२ र रेसुङ्गाबाट काठमाडौँका लागि रु १० हजार ७०२ निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो। निगमले यसअघि काठमाडौँबाट रेसुङ्गाका लागि रु सात हजार ५०० र गुल्मीबाट काठमाडौँका लागि रु सात हजार ३०० भाडादर निर्धारण गरेको थियो। विगतमा यात्रुहरूको अत्यधिक घुइँचो हुने गरेको रेसुङ्गा विमानस्थलमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै भाडादरमा रु तीन हजार ४०२ मूल्य वृद्धि गरिएको स्टेसन प्रमुख थापाले जानकारी दिनुभयो । उहाँका अनुसार निगमले आन्तरिक उडानतर्फ ट्विनअटर जहाजले सेवा दिइरहेको छ । वर्षाको समय र प्रतिकूल मौसमका कारणबाहेक पछिल्लो पाँच महिनादेखि गुल्मीको रेसुङ्गा विमानस्थलमा नियमित रूपमा हवाई सेवा सञ्चालन हुँदै आएको छ। नेपाल वायुसेवा निगमद्वारा १८ सिट क्षमताको ट्विनअटर जहाजबाट काठमाडौँ-रेसुङ्गा सेवा सञ्चालन हुँदै आएको छ।

काठमाडौँबाट आइतबार बिहान ८:०५ बजे र रेसुङ्गाबाट बिहान ९:०५ बजे र मङ्गलबार, बिहीबार र शनिबार काठमाडौँबाट बिहान ६:१५ बजे र रेसुङ्गा विमानस्थलबाट काठमाडौँका लागि बिहान ७:१५ बजे उडान हुने स्टेसन प्रमुख थापाले जानकारी दिनुभयो।

दिउँसोको समयमा हावाको चाप बढी हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमा मात्र उडान भर्ने गरिएको उहाँको भनाइ छ।

गुल्मीमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको सङ्ख्यामा पनि वृद्धि हुँदै गएको छ। करिब १६ देखि १८ घण्टाको लामो स्थलमार्गबाट यात्रा गरेर राजधानी पुग्नुपर्ने बाध्यता हटेको यात्रुहरू बताउँछन्। सेवा सुरु भएपछि हवाईमार्गबाट ४५ देखि ५० मिनेटमा गुल्मीबाट राजधानी आवतजावत गर्न सकिन्छ। गुल्मीमा नेपाल वायुसेवा निगमले विसं २०८० वैशाख २९ गतेदेखि व्यावसायिक रूपमा हवाई उडान सुरु गरेको थियो। रासस

# एसइई दिएका विद्यार्थीलाई शैक्षिक परामर्श दिँदै गाउँपालिका





मान्म । यहाँको महावै गाउँपालिकाले एसइई दिएर बसेका विद्यार्थीलाई शैक्षिक परामर्श दिएको छ।

उनीहरूको भविष्य मार्गदर्शन गर्ने किसिमको शैक्षिक परामर्श गाउँपालिकाले दिएको हो। एसइई दिएर बसेका विद्यार्थीले आगामी दिनमा कसरी अगाडि बढ्ने, कहाँ-के पढ्ने ? भन्नेबारे परामर्श दिएको गाउँपालिकाले जनाएको छ।

एसइई दिएका विद्यार्थी, तिनका अभिभावक र शिक्षकलाई साथै राखेर परामर्श दिइएको गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले बताउनुभयो। "बालबालिकालाई उचित मार्गदर्शन गर्नसके सही बाटो रोज्न सक्छन्", उहाँले भन्नुभयो, "विद्यार्थी, शिक्षक र अभिभावक र सरोकारवालाबीच अनुभव साटासाट महत्त्वपूर्ण भएको छ।"

बालबालिकाको रुचि, चाहना, भविष्यको लक्ष्य, उचित विकल्पबारे विद्यार्थीसँग छलफल गरिएको मनोविमर्शकर्ता खडानन्द चौलागाईले बताउनुभयो। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कांग्रेस एक हुनु नै उपयुक्त

नेपाली कांग्रेसको तीन महिना लामो विवादलाई सर्वोच्च अदालतले शुक्रबार राती टुंग्याएको छ । सर्वोच्चले जारी गरेको संक्षिप्त आदेशमा गगन थापा नेतृत्वमा रहेको कांग्रेस केन्द्रीय समितिलाई आधिकारिकता प्रदान गरेको छ । सर्वोच्च अदालतमा असन्तुष्ट पक्षले विशेष महाधिवेशन अवैध रहेको दाबी गर्दै मुद्दा गरेको थियो । सर्वोच्च अदालतले फैसला गर्नु अगावै निर्वाचन आयोगले थापा नेतृत्वको कांग्रेसलाई नै आधिकारिक मानेर चुनावमा सहभागी गराएको थियो । थापाकै हस्ताक्षरमा कांग्रेसको टिकट वितरण भएको थियो । असन्तुष्ट पक्षका नेताहरुले पनि थापाको हस्ताक्षर रहेको टिकटबाट नै चुनाव लडेका थिए । केही मात्र जिते । कांग्रेसका अधिकांश उम्मेदवार चुनावमा पराजित भए । थापालाई आधिकारिक मानेर चुनावमा सहभागी भइसकेका नेताहरु मध्ये केहिले थापाको विरोध गर्दै त्यो आधिकारिक नभएको तर्क गर्न थालेका छन् । पुराना नेताहरुको एउटा समूह थापालाई अझै पनि सभापति मान्न तयार छैनन् । नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयलाई सर्वोच्चले सदर गरेसंगै सबै एकजुट हुनुपर्ने देखिन्छ । सर्वोच्चले गरेको निर्णयसंगै गगन कुमार थापा समूहले नेतृत्व गरेको कांग्रेसले आधिकारिकताको निरन्तरता पाएको छ । सर्वोच्चले फैसलाको क्रममा चारवटा आधार देखाएर नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई सदर गरेको देखिन्छ । विशेष महाधिवेशन हुनुअघि नै पुरानो कार्यसमितिको पदावधि सकिएको थियो । पार्टीबाट विशेष परिस्थिति देखाएर थपिएको माघ मसान्तसम्मको अवधि पनि व्यतित भइसकेकोले सर्वोच्चले केन्द्रीय कार्यसमितिको पदावधि नै सकिएको विषयलाई दृष्टिगत गरी विशेष महाधिवेशनलाई आधिकारिकता प्रदान गर्ने आधार तय गरेको छ । दोस्रो, कांग्रेसको तत्कालीन कार्यसमितिले नयाँ र नियमित महाधिवेशन गर्न सकेको थिएन । तोकिएको अवधिमा महाधिवशेन गर्न नसकेपछि गगन कुमार थापाको समूहले विशेष महाधिवेशन माग गरेको थियो । नियमित महाधिवेशन गर्न नसक्ने, त्यसलाई सारेर वैशाखमा पुऱ्याउन सन्दर्भमा प्रक्रियासम्मत रुपमा डाकिएको विशेष महाधिवेशनलाई सर्वोच्च अदालतले कानून र पार्टीको विधानसम्मत ठहर गरेको छ । तेस्रो, नेपाली कांग्रेसको शेरबहादुर देउवा समूहले विशेष महाधिवेशनमाथि प्रश्न उठाएको थियो । कांग्रेसको केन्द्रीय कार्यालयका प्रशासनिक कामसम्म गर्ने मुख्यसचिव कृष्णप्रसाद पौडेलले विशेष महाधिवेशन विरुद्ध निर्वाचन आयोगमा उजुरी दिएका थिए । प्रशासनिक काम गर्ने व्यक्तिले दलभित्रको विवाद भनि दाबी गरेकै आधारमा निर्वाचन आयोगले त्यसलाई आधिकारिक उजुरी मान्न नमिल्ने भन्दै सर्वोच्च अदालतले कांग्रेस विवादलाई दलभित्रको आधिकारिक विवाद नभइ अद्यावधिकका विषय मात्रै ठान्ने निर्वाचन आयोगको निर्णयलाई जायज भनेको हो । चौथो, विशेष महाधिवेशनपछि नेपाली कांग्रेसमा गगन कुमार थापाले नेतृत्व गरेको कार्यसमितिले आधिकारिक मान्यता पायो । र, थापा नेतृत्वमा नै कांग्रेस निर्वाचनमा गयो । त्यही कार्यसमितिको उम्मेदवारी र अरु कामले निर्वाचनबाट वैधता पाएको भन्दै सर्वोच्च अदालतले देउवा समूहले दायर गरेको रिट निवेदन खारेज गरेको हो । कांग्रेसले अब पनि गुटगत रुपमा नै अल्झिरहे पतन तर्फ नै जाने छ । त्यसकारण थापाको नेतृत्वलाई स्वीकार गरी नियमित महाधिवेशनमा जानु उपयुक्त देखिन्छ ।

# नयाँ सांसदहरूसँग जनताका अपेक्षा



● टंकप्रसाद भट्ट

१) प्रजातन्त्रको सुन्दर पक्ष भनेकै जनताले आफ्नो स्वर, समस्या तथा अपेक्षाहरू जनप्रतिनिधिको छनोट गरी तिनका मार्फत प्राप्त गर्ने व्यवस्था हो। प्रजातन्त्रमा निर्वाचित जनप्रतिनिधिले जनताका अपेक्षाबमोजिम काम गरेमा पुनः निर्वाचनबाट पुरस्कृत गर्ने र अपेक्षाबमोजिम कार्य नगरेमा दण्डित गर्ने पद्धति हुन्छ। राज्य स्थापनाको सामाजिक सम्झौता सिद्धान्तबमोजिम यो पद्धतिलाई प्रजातन्त्रको उत्तम पद्धतिको रूपमा हेरिएको छ ।
स्विजरल्यान्डका प्रसिद्ध दार्शनिक जिन ज्याक रुसोका अनुसार जनताबाट निर्वाचित सरकारले जनताको आम इच्छाबाट वैधता प्राप्त गर्छ र जब उसले जनताको आम इच्छाविपरीत कार्य गर्छ, उसलाई हटाउन वा उसको विरोध गर्न जनता स्वतन्त्र हुन्छन्। यस अर्थमा जेन-जी विद्रोहको बलमा जनताको आम इच्छाबाट निर्वाचित सांसदहरूले जनताको इच्छा र आकांक्षाअनुरूप कार्य गर्नु पर्ने हुन्छ। र, यदि उनीहरूले जनताको अपेक्षाबमोजिम कार्य गरेनन् भने दार्शनिक रुसोकै सिद्धान्तबमोजिम तिनको वैधता घट्न गई जनताले निर्वाचनको माध्यमबाट दण्डित गर्ने गर्छन् ।

२) नेपालमा ०४६ सालमा भएको जनआन्दोलनपछि प्रजातन्त्रको स्थापनासँगै आम नेपाली जनताले सुशासन, विकास र भ्रष्टाचार निवारणको ठूलो अपेक्षा राखेका थिए। जनताको उक्त आशा तत्कालीन राजनीतिक पार्टीहरूले पूरा गर्न सकेनन्। उनीहरूले जनतासँग गरेका बाचाहरू चटक्कै छाडेर आफ्ना आसेपासे, नातागोता, विचौलिया तथा भ्रष्ट कर्मचारीतन्त्रको चंगुलमा फस्न पुगे। जसले गर्दा जनतामा चरम निराशा उत्पन्न हुन गयो ।
जनआन्दोलनको बलबाट जनताले प्रजातन्त्र ल्याए पनि जनताका अपेक्षाहरू पूरा हुन नसकेपछि पुनः जनताको सहयोगमै सशस्त्र विद्रोहको बीजारोपण भयो । माओवादी पार्टीले सशस्त्र विद्रोहको माध्यमबाट पुनः जनतालाई चिल्ला मिठा विचारहरूबाट देशमा परिवर्तन ल्याउने बाचा गरे। जनताले सुशासन, विकास र भ्रष्टाचार मुक्त समाजको अपेक्षा गरेकाले माओवादीले यिनै विषयहरूको जगमा उभिएर तत्कालीन राज्य व्यवस्थालाई दोषी ठहऱ्याएर सशस्त्र विद्रोह गऱ्यो ।
१० वर्षको माओवादी सशस्त्र विद्रोहले नेपालमा ठूलो मात्रामा धनजनको क्षति भयो र दशकौं लामो राजसंस्थाको बहिर्गमनसँगै नेपालमा संविधान सभाको निर्वाचनमार्फत संघीय गणतन्त्रात्मक संविधान जारी भयो । ०७२ सालमा संविधान जारी भएपछि जनतामा अथाह उत्साह र भरोसा जागेको थियो। नेताहरूका अग्रगामी परिवर्तन, विकासमा छलाङ लगाउने र भ्रष्टाचारमा शून्य सहनशीलताका चिल्ला नारा र भाषणहरूबाट त्यसबेला प्रभावित नभएका आम नेपाली नागरिक शायदै कोही होलान्। तर विडम्बना, ती चिल्ला मिठा कुराहरू चुनावमा जनतालाई भ्रमित पार्ने, चुनाव जित्ने र संसदमा पुगी आफ्ना स्वार्थ सिद्ध गर्ने माध्यममा मात्र सीमित रहे ।
जनताका इच्छा, आकांक्षा, आशा र भरोशा सबै घाममा सुकाएर सांसदहरू सत्तारोहणको खेल र आफ्ना आसेपासे, झोले र विचौलियाहरूको हुलमा रमाउन थाले। यसकै फलस्वरूप हाम्रो युवा पुस्ता जसले विश्वमा भइरहेका विकासका कार्यहरू, सुशासनको प्रत्याभूति र भ्रष्टाचारविरुद्धको निर्मम कारवाही देखिरहेको थियो, उनीहरूलाई अब चिल्ला मिठा कुरामा विश्वास रहेन। उनीहरूलाई सार्थक कार्य र विकास चाहिएको थियो। जेन-जी विद्रोहले सुशासन, विकास र भ्रष्टाचारमा शून्य सहनशीलता र जनताको अपेक्षा पुनः एकपटक जोडदार रूपमा उठाएको छ ।

३) जेन-जी विद्रोहपछि भएको आम निर्वाचनमा निर्वाचित सबै सांसदहरूबाट आजको पुस्ता कुरा होइन, काम चाहन्छ। जनताले चिल्ला मिठा कुरा धेरै सुनिसके। यो अत्ति नै भयो। कुरा गर्ने तर काम नगर्ने। अब कुरा होइन, कामबाट सांसदहरूको मूल्यांकन हुनुपर्छ । यो नै जनताहरूको आजको प्रमुख अपेक्षा हो ।



अब प्रश्न उठ्छ सांसदहरूले जनताका अपेक्षाहरू पूरा कसरी गर्ने ? यहाँ त सांसदहरूसँग यी अपेक्षाहरू पूरा गर्न आवश्यक साधन स्रोत पनि छैन । स्थानीय तथा प्रदेश सरकारमा पुरानै सोचका नेताहरू र नेतृत्व छन्। के वर्तमान अवस्थामा भर्खरै निर्वाचित सांसदहरूले पुनः आफूसँग साधन स्रोत नभएको र स्थानीय तथा प्रदेश सरकारले असहयोग गरेको वहाना बनाई जनतालाई पुनः झुक्याउने त होइनन् ? यो प्रश्न ज्यादै सान्दर्भिक छ । हो, यो वास्तविकता अरूलाई आरोप लगाई आफू चोखो हुन खोज्ने प्रवृत्ति मात्र हो ।
सांसदहरूलाई जनताले चुनेर पठाएका छन् किनभने तिनले चुनावका दौरान जनताको सेवा गर्ने र जनताका अपेक्षाबमोजिम काम गर्ने बाचा गरेका छन् । तसर्थ, सांसदहरूले निर्वाचनका दौरान बाचा गरेबमोजिम निःस्वार्थ भएर जनताको सेवा गर्नैपर्छ। जनताको सेवा गर्न स्रोत साधन नभए पनि हुन्छ तर सेवा भाव र संकल्पचाहीं नितान्त आवश्यक हुन्छ ।

४) अब जनताका अपेक्षाहरूलाई नयाँ सांसदहरूले कसरी सम्बोधन गर्न सक्छन्, त्यसका बारेमा छलफल गरौं । जनताको पहिलो अपेक्षा भनेको सुशासन हो । यो अपेक्षा पूरा गर्न सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रमा गएर सुशासनसम्बन्धी विषयमा निरन्तर संवाद गर्नुपर्छ । सरकारी कार्यालयहरूसँग समन्वय गरी जनताले सोचेबमोजिमको सेवा सुविधा उपलब्ध गराउनुपर्छ ।
सांसदहरूले जनताका गुनासाहरू संकलन गर्ने, स्थानीय तह, प्रदेश तथा सरकारी कार्यालयहरूको तहमा जति सकिन्छ, कामहरू पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहकार्य र सहयोग गर्नुपर्छ । यसका अलावा केन्द्रबाट नीति नियम बनाई वा थप साधन स्रोतको आवश्यक पर्ने कार्यहरूको पहिचान गरी उपयुक्त समयमा यी विषयहरू सम्बन्धितमा र संसदमा उठाई समाधान गर्नुपर्छ । जनतालाई हुन सक्ने, गर्न सक्ने र कानूनसम्मत विषयहरू मात्र बाचा गर्ने गर्नुपर्छ। नसकिने विषयहरूमा झुटा आश्वासन दिनु हुँदैन। सुशासनको मुद्दा पारदर्शिता र कानूनको अभावमा कानून निर्माणबाट सम्बोधन गर्न सकिने भएकाले यो मुद्दामा सांसदहरूको सक्रियताले मात्र पनि ठूलो योगदान पुग्ने देखिन्छ ।

५) अर्को मुद्दा भनेको विकासको मुद्दा हो । विकासका लागि स्रोत साधनको आवश्यकता पर्छ। जनतामा विकास जतिसक्दो छिटो होस् भन्ने चाहना छ । जुन केही हदसम्म सम्भव भए पनि पुर्ण रूपमा भने सम्भव छैन । यस मुद्दाको विश्लेषण गर्दा विगतमा भएका विकासका कार्यहरूको छलफल गर्न उचित हुन्छ ।
विगतमा विकासका लागि अनेकन योजना बनाई बजेट छुट्याएकै हो । तर, ती योजना तथा विकासका कार्यहरू किन प्रभावकारी रूपमा कार्यान्वयन भएन ? के कति कारणले जनताले सोचेबमोजिम काम हुन सकेन ? यस्ता विषयहरूमा विवेचना गर्नु आवश्यक हुन्छ। यसो नगरी नयाँ सांसदहरूले जनताका वास्तविक अपेक्षा पूरा गर्न भने सक्दैनन् जस्तो लाग्छ । जनताले गुणस्तरीय, दिगो र प्रभावकारी विकास खोजेका छन् । जुन विगतमा विकासलाई भ्रष्टाचारको माध्यम र साधनको रूपमा प्रयोग गरिएकाले जनताका अपेक्षाबमोजिम विकास हुन नसकेको हामी सबै सामु छर्लंगै छ। तसर्थ, यहाँ विकासको प्रमुख बाधक के हो भन्ने विषय बुझ्न आवश्यक हुन जान्छ ।
वास्तवमा भन्ने हो भने विकासको बाधकको शुरुवात विकास आयोजनाको छनोट, त्यसको डिजाइन, स्पेसिफिकेसन र लागत अनुमानबाटै प्रारम्भ हुन्छ। जहाँ यी आयोजनाहरूको छनोट, डिजाइन, लागत अनुमान र स्पेसिफिकेसन नै विचौलिया, ठेकेदार तथा कर्मचारीहरूका लागि भ्रष्टाचार गर्न सहज हुने गरी तयार पारिएको हुन्छ, त्यहाँ जनताले अपेक्षा गरेबमोजिम विकास कसरी पूरा हुन सक्छ र ? तसर्थ, सर्वप्रथम सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रमा योजना गरिएका विकासका कार्यहरूको छनोट, डिजाइन, स्पेसिफिकेसन र लागत अनुमानलाई सूक्ष्म रूपमा अध्ययन गर्ने तथा विज्ञहरूको राय लिने र आम नागरिकको धारणा बुझ्ने गरेमा विकासको बाधकको मुल जड समाउन सकिन्छ ।
तत्पश्चात ठेक्का प्रक्रिया र ठेक्कापट्टाको निरन्तर अनुगमन तथा निरीक्षणबाट त्यसको गुणस्तर तथा समयमै आयोजना सम्पन्न गर्न आवश्यक कार्य भए-नभएको यकिन गर्ने हो भने जनताले अपेक्षा गरेबमोजिमको विकास हुन सक्छ। यस्ता कार्यहरूमा सांसदहरू आफ्नो निर्वाचन क्षेत्रमै गई निरन्तर खबरदारी गर्ने, अनुगमन गर्ने, निरीक्षण गर्ने, जनतामाझ छलफल गर्ने, सबै सरोकारवालाहरूसँग राय सुझाव लिने, निःस्वार्थ सेवा गर्ने र सम्पूर्ण कार्यको पारदर्शिता राख्ने हो भने समयमै काम हुने र भ्रष्टाचार पनि रोक्न सकिने सम्भावना रहन्छ। जसको फलस्वरूप गुणस्तरीय कार्य हुने र समयमै आयोजना सम्पन्न भएबाट जनताका विकासका अपेक्षाहरू समेत पूरा हुने प्रबल सम्भावना रहन्छ ।

६) तेस्रो अपेक्षा भनेको भ्रष्टाचारमा शून्य सहनशीलता हो। यहाँ भ्रष्टाचारमा शून्य सहनशीलताको विषयलाई कसरी बुझ्नुपर्छ भने एक त सांसदहरूले आफू भ्रष्टाचारमा संलग्न हुनु भएन, अर्कोतर्फ आफ्नो संसदीय निर्वाचन क्षेत्रभित्र भ्रष्टाचार हुन दिनु भएन। अब प्रश्न आउँछ आफू भ्रष्टाचार नगर्ने त सम्भव छ होला तर आफ्नो निर्वाचन क्षेत्रभित्र भ्रष्टाचार कसरी रोक्ने ? यसका लागि नयाँ सांसदहरू सकभर आफ्नो निर्वाचन क्षेत्रमा निरन्तर उपस्थित हुनुपर्छ। यसका अलावा आफ्नो निर्वाचन क्षेत्रभित्र रहेका विविध आर्थिक, प्रशासनिक, सामाजिक, सरकारी तथा गैरसरकारी क्रियाकलापहरूको निरन्तर अनुगमन गर्ने, जनताका गुनासा सुन्ने, भ्रष्टाचार हुन सक्ने सम्भावित कार्यालय, व्यापारी, ठेकेदार, विचौलिया तथा कर्मचारीहरूका बारेमा सूचना संकलन र खबरदारी गर्नेजस्ता कार्यहरूले भ्रष्टाचार नियन्त्रणमा ठूलो योगदान पुग्ने देखिन्छ। उहाँहरूले आफ्नो निर्वाचन क्षेत्रमा रहेका सरकारी कार्यालयहरूका गतिविधिहरूको निरन्तर सुपरीवेक्षण र निगरानी गर्नुपर्छ ।
यसलाई थप प्रष्ट पार्न एक उदाहरण हेरौं । जनताबाट निरन्तर सूचना संकलन गरी सरकारी कर्मचारी, प्रदेश तथा स्थानीय निकायहरू र व्यापारीहरूलाई खबरदारी गर्नुपर्छ। निर्वाचन क्षेत्रभित्र निरन्तर भ्रष्टाचार नियन्त्रणका विषयमा सामूहिक छलफल सञ्चालन गर्नुपर्छ। उदाहरणका लागि नेपाल-भारत नाकामा पर्ने संसदीय क्षेत्रका सांसदबाट जनताको अपेक्षाको बारेमा छलफल गरौं। हामी सबैलाई थाहा भएकै विषय हो कि नेपाल भारत नाकाहरूबाट आयात भएका सामानहरूमा व्यापक भन्सार तथा कर छली र भ्रष्टाचार हुने गरेको छ। यो विषय ज्यादै गम्भीर र राष्ट्रकै मुल आयसँग जोडिएको विषय हो। यसको सांसदहरूबाट निरन्तर निगरानी, अनुगमन, खबरदारी तथा अध्ययन अनुसन्धान गर्ने हो भने भ्रष्टाचारको ठूलो अंश रोक्न सकिन्छ। सांसदहरूले आ-आफ्नो क्षेत्रका भन्सार कार्यालयहरूलाई पारदर्शी बनाउने, कुनै पनि प्रकारको चोरी निकासी हुन नदिन जनताको सञ्जाल बनाउने, गुनासाहरूको परीक्षण गर्ने र गलत भए गरेकोलाई प्रमाणसहित जनतामाझ भण्डाफोर गर्ने तथा जनतालाई विरोध गर्न लगाउने हो भने भ्रष्टाचार रोक्न ठूलो सहयोग पुग्ने र जनताका भ्रष्टाचार नियन्त्रणसम्बन्धी अपेक्षाहरू पूरा गर्न सकिने देखिन्छ । नेपालीहेडलाइनडटकमबाट साभार ।

# फेक न्युजले मूर्ख बनाइरहेको त छैन ?



● शुक्रऋषि चौलागाईं

'बालेन सरकारले पाँच सय र एक हजारका नोट बन्द गर्दै', 'प्रदेश सभा खारेज गर्ने बालेन सरकारको तयारी', 'एमाले नेता महेश बस्नेत पक्राउ' जस्ता शीर्षकहरू, फगत शीर्षक मात्रै हुन् । समाचार होइनन् । तर हाम्रा सामु यी विषयहरू समाचार जस्तै छ्यापछ्याप्ती प्रसारित भइरहेका हुन्छन् । तर यी फेक न्युज अर्थात् मिथ्या सूचना हुन् ।

बालेन सरकारले प्रदेश सभा खारेज गर्दैछ भन्ने कुरा दुई साता अघि फेसबुक, अनलाइन र युट्युबमा फैलियो । भ्रामक स्क्रिन सट र भिडियो क्लिप भाइरल भए । जब कि यो विषयमा आधिकारिक प्रस्ताव या निर्णय सार्वजनिक भएको छैन ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पाँच सय र एक हजारका नोट प्रतिबन्ध गर्दै छन् भन्ने अफवाह सार्वजनिक भयो । नेपाल राष्ट्र बैंकले यो हल्ला मात्रै हो, त्यस्तो कुनै योजना छैन भनेर पुष्टयाई दिन पऱ्यो ।

त्यस्तै केही दिन अघि एमाले सचिव महेश बस्नेत पक्राउ परे भनेर समाचारहरू आए तर उनलाई पक्राउ गरिएकै थिएन ।

यी र यस्तै संवेदनशील विषयलाई पनि अतिरञ्जित ढङ्गले मिडियामार्फत चर्चामा ल्याउने र थप आतङ्कित बनाउने कार्य अझै रोकिएको छैन । प्रत्येकको हातमा मोबाइल छ तर के सही र के गलत भन्ने छुट्याउन सक्ने ल्याकत छैन ।

फेक न्युज, अङ्ग्रेजी शब्दहरू हुन् तर पछिल्लो समय यी शब्दहरूको अत्यधिक प्रयोगसँगै नेपालीकरण गरिए सरह छ । फेक न्युज केवल गलत सूचना मात्र होइन, यो त एउटा जानाजान गरिएको छलकपट हो । गलत सूचना उत्पादन गर्ने र फैलाउने गतिविधि पनि हो ।

सत्यताबाट विमुख झुटो, भ्रमपूर्ण सूचना हो, जसलाई समाचारको रूपमा विभिन्न सामाजिक सञ्जालमार्फत प्रसारण या प्रस्तुत गरिन्छ । यसमा काल्पनिक घटनाहरूलाई पनि वास्तविक रूपमा प्रस्तुत गरिएको हुन्छ । यस्तो गलत सूचनालाई तीन भागमा विभाजन गरेर हेर्ने गरिन्छ । पहिलो, मिसइन्फरमेशन । दोस्रो, डिसइन्फरमेशन । तेस्रो, मालइन्फरमेशन ।

फेक न्युजमा भावनात्मक भाषा, क्लिकबेट हेडलाइन, फेक फोटो, भिडियो वा एआई जेनेरेटेड डिपफेकको प्रयोग गरिन्छ । इन्टरनेट र सामाजिक सञ्जाल (फेसबुक, टिकटक, इन्स्टाग्राम, भाइवर, युट्युब, एक्स आदि) को विकाससँगै यो छिटो र व्यापक रूपमा फैलिँदै गएको छ ।

जनमत प्रभावित गर्नु, राजनीतिक लाभ लिनु, घृणा फैलाउनु वा आर्थिक फाइदा कमाउनु पनि फेक न्युजको उद्देश्य हो ।

आम सञ्चारका विज्ञहरूका अनुसार फेक न्युजले कुनै पनि घटनाको वास्तविकता तोडमोड गरी मान्छेलाई भावनात्मक रूपमा प्रभावित पार्ने उद्देश्य राख्छ । यो केवल 'गलत सूचना' मात्र होइन- एक किसिमको हतियार हो ।

सत्य-तथ्यभन्दा पनि आक्रोशजन्य भावना जगाउने भाइरल सामग्रीलाई सामाजिक सञ्जालले स्थान दिने र व्यापक बनाउने काम गर्दै आएको छ । सञ्जालका विभिन्न प्लेटफर्म सही ढङ्गले नचलाएकै कारण पछिल्लो समय अनेक चुनौती र दुर्घटना निम्तिरहेको छ । सञ्जालमा सार्वजनिक फेक न्युजले नै अहिले महामारीको रूप लिँदै छ ।

सामाजिक सञ्जाल आफैमा खराब होइन तर त्यसको सदुपयोग भन्दा दुरुपयोग हुने खतरा बढ्दै गएको छ । एउटा फेक सञ्जाल सञ्चालन गरी सामाजिक सञ्जाल मार्फत फेक न्युज भाइरल गराइन्छ । एउटै फेक समाचारलाई एकै समयमा धेरै माध्यमबाट शेयर गराइन्छ । प्रायः गोप्य रूपमा रहने यी व्यक्ति या समूह आफ्नो लक्ष्य र उद्देश्य अनुसार फेक न्युज मार्फत युद्ध फैलाउँछन् ।

नेपालमा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि फेक न्युजको बाढी आयो । त्यसताका फैलिएका फेक न्युज, फोटो र भिडियोले अफवाहको बजार ततायो । भदौ २३ गतेको आन्दोलनमा भएको मानवीय क्षति र घाइतेको विषयमा भ्रामक सूचना फैलियो । फेक भिडियोहरू सार्वजनिक गरिए । दोस्रो दिनको आगजनी र तोडफोड पनि भ्रम फैलाउनेका लागि अवसर बन्यो । सामाजिक सञ्जालमा आएका अनेक फेक न्युज र भिडियो क्लिपले स्थिति थप त्रासदीपूर्ण बनायो ।

इजरायली संस्था सायब्राको प्रतिवेदन अनुसार भदौ २३-२४ को जेनजी विद्रोहमा अनलाइन संवादको ३४ प्रतिशत हिस्सा नक्कली एकाउन्ट र एआईद्वारा निर्मित सामग्रीबाट प्रभावित थियो । १४ लाखभन्दा बढी अन्तर्क्रियामध्ये एक लाख ६४ हजार शङ्कास्पद खाताबाट भएको थियो, जसले ३२ करोड बढी स्क्रिनमा पुगी सरकार विरोधी भाष्यलाई अतिवादी बनाउने प्रयास गरेको थियो ।

फेक न्युज सामान्य गल्ती होइन, यो लोकतान्त्रिक बहसमाथिको हस्तक्षेप हो । फेक न्युज स्पष्ट रूपमा 'नक्कली' देखिन्थ्यो भने कोही पनि झुक्किँदैनथ्यो । भ्रमित समाचारले जो कोहीलाई पनि झुक्क्याउन सक्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको एक तथ्याङ्क अनुसार, इन्टरनेट प्रयोगकर्ता सङ्ख्या तीव्र गतिमा बढिरहेको छ तर सोही अनुपातमा मिडिया र डिजिटल साक्षरता बढेको छैन । नेपालमा डिजिटल साक्षरता लगभग ३१ प्रतिशत मात्रै छ । अधिकांश प्रयोगकर्ताले समाचारको स्रोत हेर्दैनन् र हेडलाइन मात्र पढेर प्रतिक्रिया जनाउँछन् । धेरैजसो प्रयोगकर्ता सामाजिक सञ्जालमा भेटिने सबै सूचनालाई समाचार ठान्छन् ।

फलतः उनीहरू भावनात्मक र भ्रामक सामग्रीबाट सजिलै प्रभावित हुन्छन् । धारणा बनाउँछन् र निर्णय लिन्छन् । कसैलाई होच्याउने वा बदनाम गर्ने हेतुले आउने गलत समाचारहरू रातारात सामाजिक सञ्जालमा फैलिएर विभिन्न आपराधिक घटना हुने गरेको उदाहरणहरू पनि छन् ।

थोरै पैसा तिरेपछि सामाजिक सञ्जाल र अनलाइन मिडियामा समाचारहरू नै धेरै माझ पुग्ने गरी बुस्ट गर्न मिल्ने व्यवस्था पनि झनै घातक छ । फेक न्युजले आपसमा अविश्वास सिर्जना गरिदिने, मानसिक तनाव दिने र गलत निर्णय लिन बाध्य पार्न सक्ने स्थिति सिर्जना गरिदिन्छ ।

फेक न्युजले व्यक्तिको जीवनसँगै समाज, राजनीति र अर्थतन्त्र जस्ता विषयमा पनि गम्भीर असर पार्छ । फेक समाचारले एउटा समुदायलाई अर्को विरुद्ध उभ्याउने, विभिन्न जातीय नाममा विभाजन गर्ने जस्ता समाज भड्काउने क्रियाकलापहरू हुन सक्छन् । त्यस्तै राजनीतिक रूपमा हेर्ने हो भने, फेक न्युजको कारणले जनताको निर्णय लिने क्षमतालाई पनि कमजोर बनाएको छ ।

फेक न्युजले जनमत विभाजित गर्ने, निर्वाचन प्रक्रिया प्रभावित पार्ने र लोकतन्त्र नै कमजोर पार्ने काम पनि गरिदिन्छ । जस्तैः नेपालमा एमसीसी सम्झौता, निर्वाचन वा विरोध प्रदर्शनका बेला फेक भिडियो र एआई जेनेरेटेड क्लिपहरू फैलिएका थिए, जसले आम नागरिकमा भ्रम सिर्जना गरिदिएको थियो । स्वास्थ्य क्षेत्रमा खोप विरोधी अफवाह पनि फैलिने गर्छन् जसका कारण रोग र महामारी नियन्त्रणमा अनेक कठिनाइ उत्पन्न भएका छन् ।

वास्तविकता गुमराममा राखी भावनालाई भड्काउने र आफ्नो योजना अनुसार जनताहरूलाई परिचालित गर्न पनि फेक न्युजको प्रयोग गरिन्छ । फेक न्युजले मान्छेमा सहजै आक्रोश, चिन्ता, बदलाको भावना, घृणा फैलाउन र हिंस्रक बनाई दिन सक्छ । जातीय/धार्मिक तनाव बढाएर सामाजिक सद्भाव खलबल्याई दिन पनि सक्छ ।

यसले सूचनाको विश्वसनीयता र वैधतालाई नै चुनौती दिन्छ र समाजको निर्णय लिने क्षमतामा गहिरो प्रभाव पार्छ । अध्ययन अनुसार फेक न्युज सत्यभन्दा छिटो फैलिन्छ र दीर्घकालीन रूपमा मिडिया र संस्थाप्रतिको विश्वास घटाउँछ । प्रत्येक नागरिकको सही सूचना प्राप्त गर्ने हक; 'सूचनाको हक' बाट पनि वञ्चित गर्न सक्छ ।

फेक न्युज के हो भन्ने माथि उल्लेख गरिसकिएको छ । तर फेक न्युज कसरी चिन्ने ? यो प्रश्न हाम्रा सामु चुनौतीका रूपमा तेर्सिएको छ । भनिन्छ कि 'फेक न्युज त्यो हो जुन फेक न्युज जस्तो लाग्दैन । नक्कली समाचारहरू पनि प्रायः यथार्थजस्तै हुन्छन् । झट्ट हेर्दा हामीले विश्वास गर्ने गरी बनाइएका हुन्छन् ।

फेक न्युजले समाजमा 'असत्य' लाई 'सत्य' झैं देखाउने क्षमता राख्छ । हाम्रो समाजमा कथन नै छ नि हजार पटक झुटलाई सत्य भन्दा झुट नै सत्य बन्न जान्छ । तर यस्ता फेक सूचना, सामग्री र समाचार पहिचान गर्नु पर्छ । यसका लागि हामी स्वयंले सूक्ष्म अध्ययन गर्ने, प्रश्न गर्ने र प्रमाण खोज्ने तर्फ लाग्नु पर्छ ।

पछिल्लो चरण भ्रामक र मिथ्या सूचनाको जालो तोड्ने उपायका रूपमा तथ्य जाँच अपनाइएको छ । कुनै भाइरल सूचना वा दाबीलाई विश्वसनीय प्रमाण सङ्कलन गरी त्यो सही, गलत वा भ्रामक भनी लेबल लगाउने वा निचोडमा पुग्ने प्रक्रिया नै 'फ्याक्ट चेक' हो ।

सनसनीपूर्ण खालका सूचना, भिडियो, समाचार शेयर, कमेन्ट गर्नेलाई पनि कारबाही हुनसक्छ । तसर्थ, कुनै समाचार सही हो वा गलत भनेर चिन्न जरुरी हुन्छ । गलत वा भ्रामक सूचना बाहिरबाट मात्रै आउने संकट होइन । हामी भित्रै रहेको सोच, अस्पष्टता र बुझाइले पनि निम्तिन सक्छ तसर्थ सर्व प्रथम हामी स्वयं स्पष्ट, सचेत र जिम्मेवार हुनु पर्छ । सूचना कसरी ग्रहण गर्ने, तिनको कसरी मूल्याङ्कन गर्ने हामीमा निर्भर छ । सही सूचना र समाचार प्राप्त गर्नु प्रत्येक नागरिकको अधिकार हो । त्यसैले फेक न्युज प्रकाशित गर्ने, प्रसारण गर्ने जो कोहीलाई पनि नेपालको प्रचलित कानुन अनुसार कडा कारबाही गरिनुपर्छ । फेक न्युज रोक्ने र शुद्ध सूचना/समाचार प्राप्त गर्ने अवसर सिर्जनाका लागि सञ्चार उपभोक्ता, सञ्चारकर्मी, सञ्चारमाध्यम, सम्बद्ध सरकारी निकायबिच शिक्षा, सजगता र सहकार्य आवश्यक छ । रातोपाटीडटकमबाट साभार ।

# सुशासन र समृद्धिका लागि सरकारले काम गरिरहेको छ : परराष्ट्रमन्त्री खनाल



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले सुशासन र समृद्धिका लागि सरकारले काम गरिरहेको बताउनुभएको छ।

गौंगबु आवास क्षेत्र सुधार समितिले आज आयोजना गरेको 'नयाँ वर्ष-२०८३ को शुभकामना आदानप्रदान तथा चियापान' कार्यक्रममा उहाँले त्यसका लागि सरकारले आवश्यक काम गर्न सुरु गरिसकेको बताउनुभयो।

मन्त्री खनालले भन्नुभयो,"जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिएर परिवर्तनको बाटो रोजेका छन्, वर्तमान सरकारले यसलाई खेर फाल्दैन । रास्वपाले वाचापत्रमा उल्लेख गरेअनुसार सुशासन र समृद्धिलाई मुख्य प्राथमिकतामा राखेर काम गर्छौं।"

उहाँले भ्रष्टाचार नियन्त्रण सरकारको उच्च प्राथमिकतामा रहेकाले मन्त्रिपरिषद्को बैठकले विसं २०६२ पछि उच्च ओहोदामा बसेका व्यक्तिको सम्पत्ति छानबिन गर्न समिति गठन गरिएको उल्लेख गर्नुभयो । परराष्ट्रमन्त्री खनालले जनतालाई सहज रूपमा सेवा, सुविधा प्रदान गर्नका लागि सरकारले रातदिन नभनी काम गरिरहेको बताउनुभयो।

"हामीले जनताले परिवर्तनको अनूभूति गर्नेगरी काम गरिरहेका छौं । देशभित्र मात्रै होइन, विदेशमा रहेका नेपाली नागरिकलाई पनि सुरक्षित राख्नका लागि सरकारले काम गरिरहेको छ", उहाँले भन्नुभयो,"आर्थिक समृद्धि र रोजगारी सिर्जना गर्न सरकारले विशेष ध्यान दिन्छ । सहज ढङ्गले व्यापार व्यवसाय गर्ने वातावरण बनाउँछ।"

काठमाण्डु क्षेत्र नं ६ का प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका मन्त्री खनालले आफ्नो क्षेत्रभित्रको खानेपानी, ढल, सडकलगायत समस्या समाधानका लागि पनि निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । रासस

# सांसद एवं उच्च सरकारी अधिकारीलाई सम्मान



काठमाण्डु । कान्तिपुर सिटी कलेज (केसिसी)ले सांसद तथा उच्च सरकारी ओहदामा पुगेका व्यक्तित्वलाई सम्मान प्रदान गरेको छ। सो कलेजका पूर्वविद्यार्थी एवं शिक्षक रही हाल सांसद निर्वाचित भएका तथा उच्च सरकारी ओहदामा पुगेका व्यक्तित्वलाई आज यहाँ आयोजित कार्यक्रममा सम्मान प्रदान गरिएको हो।

सम्मानित हुनुहुनेमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद एवं सचेतक प्रकाशचन्द्र परियार, रास्वपाका सांसद जगदिश खरेल, नेपाली कांग्रेसका सांसद निस्कल राई, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा सुरेश आचार्य, प्रधानमन्त्रीका अनुसन्धान एवं प्रेसविज्ञ दीपा दाहाल र प्रधानमन्त्री सचिवालयका अधिकृत विनय शाक्य हुनुहुन्छ।

समारोहमा रास्वपाका सांसद परियारले पछिल्लो समय मुलुकले सामान्य नभएर आमूल परिवर्तन खोजेकाले जनताको सोहीभावनाअनुसारकोपरिवर्तनका लागि आफूहरू सदैव लागिरहने प्रतिबद्धता जनाउनुभयो। कलेजका पूर्वविद्यार्थीसमेत रहनुभएका सांसद परियारले आफ्नो व्यक्तित्व विकासका साथै मुलुकको पत्रकारिता, सूचना प्रविधि र इञ्जिनियरिङ क्षेत्रमा जनशक्ति उत्पादनका लागि केसिसीले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो।

रास्वपाका सांसद एवं कलेजका पूर्वविद्यार्थी खरेलले शिक्षण संस्थामा राजनीतिक क्रियाकलाप गर्न नहुने सन्देश प्रवाह गर्न जरुरी रहेको उल्लेख गर्दै अविकास र बेथितिका कारण देश पछि परेकाले आफूहरूले यो वास्तविकतामा आधारित रहेर जिम्मेवारी बोधका साथ काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

नेपाली कांग्रेसका सांसद एवं कलेजका पूर्वशिक्षक राईले वर्तमान सरकारले विकास, सामाजिक न्याय र पारदर्शिताका क्षेत्रमा काम गर्दै जेनजी आन्दोलनको भावना बुझेर अघि बढ्न सुझाव दिनुभयो।

आमसञ्चार तथा पत्रकारिताका प्राध्यापक रामकृष्ण रेग्मीले मुलुकको परिवर्तनका आशाहरू हिजोका दिनमा पनि जनताले पटकपटक पाइरहेकाले अहिले राजनीतिमा उदाएको नयाँपुस्ताले ती आश्वासनलाई पूरा गर्नेगरी काम गर्न आग्रह गर्नुभयो। अहिले युवापुस्ता निर्वाचित भएर आएकाले युवावर्गमा देखिएको उत्साह र उमङ्गलाई देश विकासमा लगाउने काममा ढिला नगर्न आग्रह गर्नुभयो।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा आचार्यले समयको महत्त्व र माग बुझेर काम गर्न युवापुस्ताको बाहुल्यता भएको संसद् र सरकारलाई आग्रह गर्नुभयो।

प्रधानमन्त्री वालेन्द्र शाहका अनुसन्धान तथा प्रेसविज्ञ दाहालले आफूलाई अवसर मात्र प्राप्त भएको नभई जिम्मेवारी बोध पनि भएकाले इमान्दारिताका साथ पदीय दायित्व पूरा गर्ने बताउनुभयो।

कलेजका अध्यक्ष डा प्रल्हाद कार्की र प्राचार्य राजु कट्टेलले नेपालको शिक्षा क्षेत्रमा कलेजले पुर्याएको योगदानको चर्चा गर्दै निजी क्षेत्रलाई केवल नाफा कमाउने क्षेत्रका रूपमा मात्र नहेरी एउटा जिम्मेवार साझेदारका रूपमा व्यवहार गर्न सरकारसमक्ष आग्रह गर्नुभयो। रासस

# तनहुँका विभिन्न आयोजनाका लागि बजेट विनियोजन गर्न अर्थमन्त्रीको ध्यानाकर्षण



दमौली । अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग भेट गरी तनहुँको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा जिल्लाका लागि विभिन्न विकासका आयोजना समावेश गर्न आग्रह गर्नुभएको छ । उहाँले प्राथमिकताका आधारमा आयोजनाहरू पेस गर्दै बजेट सुनिश्चित गर्न अर्थमन्त्री डा वाग्लेको ध्यानाकर्षण गराउनुभएको हो।

अध्यक्ष चुमानले जिल्लामा रहेका सडक, पुल, धार्मिक पर्यटन, स्वास्थ्य, शिक्षा र खानेपानी क्षेत्रका महत्त्वपूर्ण आयोजनाहरू अघि सार्नुभएको छ । उहाँका अनुसार सडकतर्फ छिम्केश्वरी-हिलेखर्क-बन्दिपुर सडक स्तरोन्नतिका लागि रु ३० करोड, बरादी-हिलेखर्क (गिरनचौर-साते खण्ड) सडकका लागि रु २० करोड, पुलजीप-घुमाउने हुँदै देवघाट जोड्ने सडकका लागि रु ५० करोड तथा आँबुखैरेनी रिङरोड मर्मतका लागि र १० करोड बजेट माग गरिएको छ।

पुल निर्माणतर्फ घुमाउने पुल आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने, बरालुडबैंसीमा पक्की पुल निर्माण प्रक्रिया अघि बढाउने तथा पाँचकिलोस्थित जीर्ण झोलुङ्गे पुललाई स्थानान्तरण गरी नयाँ मोटरेबल पुल निर्माण गर्ने प्रस्ताव गरिएको अध्यक्ष चुमानले बताउनुभयो । छिम्केश्वरी सडक खण्डअन्तर्गत सिर्दी खोलामा मोटरेबल पुल निर्माणका लागि रु आठ करोड बजेट आवश्यक रहेकाबारे अर्थमन्त्रीलाई जानकारी गराइएको उहाँले उल्लेख गर्नुभयो।

गाउँपालिकाका अध्यक्ष चुमानका अनुसार धार्मिक पर्यटनतर्फ छिम्केश्वरी क्षेत्रको विकासका लागि रु १० करोड, अकला क्षेत्रका लागि रु पाँच करोड र आँधीमुल क्षेत्र विकासका लागि रु पाँच करोड बजेट माग गरिएको छ।

स्वास्थ्य क्षेत्रमा आँबुखैरेनी-१ सत्रसयमा दश रोपनी जग्गा अस्पतालका लागि प्राप्त भइसकेको जानकारी दिँदै गाउँपालिकाका अध्यक्ष चुमानले थप १०० रोपनीसम्म विस्तार गर्न सकिने भएकाले सो क्षेत्रमा एक सय शय्याको ट्रमा अस्पताल स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गर्न आग्रह गरिएको बताउनुभयो । पृथ्वी राजमार्गसँग जोडिएको रणनीतिकस्थान भएकाले यहाँ अस्पताल विस्तार भएमा गोरखा, तनहुँ र लमजुङका बासिन्दालाई समेत सेवा पुग्ने उहाँको भनाइ छ।

शिक्षातर्फ बहुप्राविधिक शिक्षालय स्थापना, आँबुखैरेनी क्याम्पसमा स्नातकोत्तर कार्यक्रम सञ्चालन, विभिन्न विद्यालयमा विद्युतीय बस, छात्रावास तथा आधुनिक प्रयोगशाला व्यवस्थापनका लागि बजेट माग गरिएको गाउँपालिकाका अध्यक्ष चुमानले जानकारी दिनुभयो । उहाँका अनुसार खानेपानीतर्फ हिलेखर्क-छिम्केश्वरी-लोप्राङ एकीकृत खानेपानी आयोजना निर्माणका लागि रु १० करोड तथा सत्रसय खानेपानी शुद्धीकरण आयोजनाका लागि रु पाँच करोड बजेट विनियोजन गर्न प्रस्ताव गरिएको छ। रासस

# सर्वोच्चद्वारा कांग्रेस विशेष महाविधेशनलाई आधिकारिता



काठमाण्डु । सर्वोच्च अदालतले गगनकुमार थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिता प्रदान गरेको छ।

केही बेरअघि सर्वोच्च अदालतका न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलाशले कांग्रेसको विशेष महाविधेशनलाई आधिकारिता प्रदान गर्दै त्यसबाट चयन भएको नेतृत्वलाई वैध ठहर गरेको हो।

निर्वाचन आयोगले विशेष महाधिवशेनबाट चयन भएको थापा नेतृत्वलाई मान्यता दिएपछि कांग्रेसका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र तत्कालीन कार्यवहाक सभापति पूर्णबहादुर खड्का पक्ष सर्वोच्च अदालत गएको थियो।

आजको आदेशसँगै तत्कालीन सभापति देउवा र कार्यवहाक सभापति खडकाले दायर गर्नुभएको रिट खारेज भएको छ।

रिट निवेदनमा कांग्रेसको विधान र प्रचलित कानुन विपरित आयोजना गरिएको विशेष महाधिवेशन अवैध रहेको दावी गरिएको थियो । गत पुस २७ र २८ मा सम्पन्न विशेष महाधिवेशन वैध ठहर गर्दै निर्वाचन आयोगको निर्णय कानुन सम्मत् रहेको फैसलामा उल्लेख छ । सर्वोच्चले विभिन्न बुँदामा व्याख्या गर्दै खडकाले दायर गर्नुभएको रिट निवेदन खारेज गरेको हो।

पार्टीका १५औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेपनि उक्त महाधिवेशन समयमै हुन सक्ने अवस्था नदेखिएको अदालतले ठहर गरेको छ । वाध्यात्मक अवस्थामा कांग्रेसको विधानको धारा १७ को २ बमोजिम आह्वान गरिएको विशेष महाधिवेशनको मागलाई निष्क्रिय मान्न नमिल्ने आदेशमा उल्लेख छ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनकोइरालालेनेपालीकांग्रेसको आधिकारितासम्बन्धी विवादमा निर्णय भएको जानकारी दिनुभएको थियो। विहीबार र शुक्रबार (आज) सर्वोच्चमा नियमित सुनुवाई भएको थियो। आजको सुनुवाईमा कांग्रेस उपसभापति विश्वप्रकाश शर्मालेपनि बहस गर्नुभएको थियो। रासस

## तस्करी नियन्त्रण गर्न गृहमन्त्री र सांसदबीच छलफल

काठमाण्डु । गृहमन्त्री सुधन गुरुङ र मधेस र लुम्बिनी प्रदेशबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने सांसदबीच सीमापार अपराध नियन्त्रण तथा तस्करी नियन्त्रणसम्बन्धी विषयमा छलफल भएको छ।

शुक्रबार गृह मन्त्रालयमा भएको छलफलका क्रममा सांसदले सीमा क्षेत्रमा हुने तस्करीलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नुपर्ने माग राखेका थिए। यसक्रममा विद्यमान भन्सार प्रणालीमा सुधार गर्ने, भन्सार दर पुनरावलोकन गर्ने, सीमामा प्रभावकारी निगरानी तथा अनुगमन संयन्त्र विकास गर्ने, कृषि सामग्री तथा मलखादको भन्सार प्रक्रिया सरलीकृत गर्ने, सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकलाई दैनिक उपभोग्य सामग्रीको आयातमा निश्चित हदसम्म भन्सार छुट दिन मापदण्ड निर्धारण गर्ने लगायतका विषयमा सांसदले सुझाव दिनुभयो।

छलफलका क्रममा उठेका गृह मन्त्रालयसँग सम्बन्धित सवाल गृह मन्त्रालयले कार्यान्वयन गर्ने र अर्थ मन्त्रालयसँग सम्बन्धित विषयमा अर्थ मन्त्रालयसँग थप छलफल तथा समन्वयमार्फत् समाधान गर्ने गरी बैठक सम्पन्न भएको बताइएको छ । रासस

# सर्वोच्चका कर्मचारीले पालना गरेनन् नियम



काठमाण्डु। कानुनको अन्तिम व्याख्या गर्ने निकाय सर्वोच्च अदालतका कर्मचारीले नै नियम पालना नगरेको पाइएको छ।

यही वैशाख ३ गते अदालतको अनुगमन महाशाखाबाट आकस्मिक रूपमा हाजिर एवं 'ड्रेसकोड' अनुगमन गर्दा नियम पालना नगरेको पाइएको सर्वोच्च अदालत प्रशासनले जनाएको छ। सर्वोच्च अदालत प्रशासनले जारी गरेको सूचनामा निर्दिष्ट समयभित्रै कर्मचारीका लागि तोकिएको पोसाकमा मात्र अदालत प्रवेश गर्न र तोकिएको शाखामा प्रमुख/महाशाखा प्रमुखको निर्देशनमा रही सेवाग्राहीबाट गुनासो नआउने गरी कार्यसम्पादन गर्न तथा गराउन भनिएको छ।

त्यस दिन बिहान गरिएको छड्के अनुगमनमा बिहान ९:०० बजेपछि कार्यालय प्रवेश गर्ने कर्मचारीको सङ्ख्या ८२ जना रहेको तथा तोकिएको पोसाक नलगाउने २२ जना (जिन्स, टिसर्टसमेत लगाएका) पाइएको छ।

बिदा स्वीकृत/पूर्वजानकारी नगराइ अनुपस्थित रहेको सङ्ख्या ७० जना रहेका छन् । यस्तै, वैशाख २ गतेको कुर्सी छड्के गर्दा नौ जना (बिहान-बेलुका हाजिर मात्र गरेको) आफ्नो कार्यकक्षमा नभेटिएका पाइएको पनि अदालत प्रशासनले जानकारी दिएको छ।

अनुगमनका क्रममा पाइएको कैफियतको अभिलेख रहने र अब उप्रान्त बिहान ९:१५ पश्चात् एवं बेलुका ५:०० बजे अघि हाजिरी मेसिनले हाजिर नलिने बेहोरासमेत जानकारी गराउँदै अदालतले अनुगमन महाशाखाबाट यो कार्य निरन्तर रूपमा जारी रहने उल्लेख गरेको छ। रासस

# विभिन्न देशका राजदूतहरूद्वारा हातीवन-चम्पादेवीमा "आरोग्य पदयात्रा"

कीर्तिपुर । नेपालस्थित विभिन्न देशका राजदूतहरूले नेपालको स्वच्छ हावापानी र स्वस्थ्य जीवन शैलीको प्रशंसा गर्दै दक्षिणकाली नगरपालिका-३ मा आज पैदलयात्रा गरेका छन् । पहिलो अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा परराष्ट्र मन्त्रालयले उहाँहरूलाई हात्तीवन-चम्पादेवी पदमार्गमा 'आरोग्य पदयात्रा' गराइएको हो।

यात्रामा काठमाण्डुस्थित राजदूतहरू, कूटनीतिक समुदायका अन्य सदस्य तथा सरकारका उच्च पदाधिकारीले नेपालले विश्वव्यापी रूपमा प्रवर्द्धन गर्न खोजेको आरोग्य र स्वस्थ जीवनशैलीको समर्थन गर्न आफूहरूले प्रतिबद्धता जनाएको उहाँहरूले प्रतिक्रिया दिनुभयो।

सहभागी कूटनीतिज्ञहरूलाई बिहान हात्तीवन रिसोर्टमा भेला गराई योग र पूर्वीय दर्शनमा आधारित ध्यानबारे जानकारी दिइएको थियो । उहाँहरूलाई जीवन विज्ञानका प्रशिक्षक प्रतीक शर्माले आसन, प्राणायाम र ध्यानका केही विधिबारे प्रशिक्षण दिनुभएको थियो।

त्यसपछि सहभागी सबै कूटनीतिज्ञलाई हात्तीवन रिसोर्ट क्षेत्रबाट चम्पादेवीतर्फ जाने मार्गमा करिब दुई घण्टाको पदयात्रा गराइएको थियो । कूटनीतिज्ञलाई स्वागत गर्दै परराष्ट्र सचिव अमृतबहादुर राईले नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घले हरेक वर्ष अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा




मनाउने निर्णय गरेको उल्लेख गर्नुभयो।

साथै, उहाँले नेपाललाई विश्वकै उत्कृष्ट 'आरोग्य पर्यटकीय गन्तव्य' का रूपमा विकास गर्ने नेपाल सरकारको नीति रहेको समेत बताउनुभयो। नेपालको पर्यटन प्रवर्द्धनका लागि सरकारले आरोग्य पर्यटन रणनीति तयार गरेको जानकारी दिँदै उहाँले आगामी सन् २०२७ लाई नेपाली आरोग्य पर्यटन वर्षका रूपमा मनाउने त्यसका लागि आवश्यक लगानी भित्र्याउने तयारीमा सरकार रहेको जानकारी गराउनुभयो। नेपालले विश्वका विभिन्न देशमा रहेका दूतावास कूटनीतिक नियोग र गैरआवासीय नेपालीको सञ्जाल प्रयोग गर्नेसमेत उहाँले बताउनभयो ।

नेपालका लागि फिनल्याण्डका राजदूत पेट्री पुहकले उपत्यकाकाकै प्राकृतिक डाँडामा गरिएको यात्रा सामान्य हिँडाइ वा शारीरिक अभ्यास मात्र नभई मानसिक शान्तिसमेत दिने किसिमको भएको बताउनुभयो।

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय, शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन(युनेस्को) का प्रतिनिधि जाको डु टोइटले नेपाली प्राकृतिक थलोमा नेपाली गीत सुन्दै हिँड्दा आफूले आरोग्य लाभ गरिरहेको प्रतिक्रिया दिनुभयो । आफ्नो देश दक्षिण अफ्रिकमा यहाँजस्ता उच्च हिमाल नभए पनि तर प्राकृतिक सम्पदाहरूले एकअर्को देशलाई जोड्न नसक्ने धारणा उहाँको थियो।

नेपालका लागि राष्ट्रसङ्घीय विकास नियोग प्रतिनिधि क्योको योकोसुकाले सप्ताहन्तमा अत्यन्त स्वच्छ हावा युक्त हात्तिवन चम्पादेवी पदमार्गको पैदलयात्रा, योग र ध्यानले आफूलाई उत्साहित बनाएको बताउनुभयो। आफ्ना आफन्त देशवासीलाई नेपाल प्राकृतिक र सांस्कृति सम्पदा मात्र नभई योग ध्यानमार्फत आत्मसन्तुष्टि प्राप्तिका लागि घुम्नैपर्ने मुलुक भएको सन्देश पुऱ्याउने बताउनुभयो।

नेपालका लागि बेलायती राजदूत रोर्बट फेनले अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा नेपालले यसरी पदयात्रा आयोजना गर्दा आफूलाई खुसी लागेको बताउनुभयो । आरोग्य दिवसमा तय गरिएको नारामध्ये लामो पैदलयात्राले श्वासप्रश्वासलाई अझ लामो समय स्वस्थ्य राख्छ भन्ने कुराले आफू प्रभावित भएको बताउनुभयो।

बेलायतमा नेपाल पहिल्यै लोकप्रिय भएको बताउँदै बेलायतीहरूमा नेपालबारे जान्न चाहने र नेपाली भौगोलिक र सांस्कृतिक विविधताप्रति मोहित भएको बताउनुभयो।

राससँग कुरा गर्दै परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नेपालको आरोग्य पर्यटनका माध्यमबाट नेपाली 'सप्ट पावर' कूटनीतिलाई अगाडि बढाउन खोजेको बताउँदै पहिलो अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा आयोजित १३ देशका राजदूतहरूले महत्त्व दिनु कूटनीतिक हिसाबले महत्त्वपूर्ण भएको बताउनुभयो।

"नेपाललाई योग ध्यानजस्ता प्राकृतिक स्वास्थ्यलाभका पद्धतिहरूमार्फत विश्वकै उत्कृष्ट आरोग्य गन्तव्य बनाउने लक्ष्य सरकारको छ", उहाँको भनाइ थियो। रासस

# रुसी तेल खरिदमा अमेरिकाले लगाएको प्रतिबन्ध फुकुवा थप बिस्तार



रासस/एएफपी । अमेरिकी ट्रम्प प्रशासनले एक महिना लामो प्रतिबन्धमा छुट जारी गर्दै समुद्रमा रहेका रुसी तेल र पेट्रोलियम पदार्थको बिक्रीलाई अनुमति दिने निर्णयलाई शुक्रबार थप बिस्तार गरेको छ ।

ट्रेजरी डिपार्टमेन्टले जारी गरेको इजाजतपत्र ट्रेजरी सेक्रेटरी स्कट बेसेन्टले वाशिङ्गटनले रुसी तेल र पेट्रोलियम पदार्थको बिक्रीका लागि छुट नवीकरण नगर्ने बताएको दुई दिनपछि आएको हो ।

अमेरिकी प्रशासनको पछिल्लो निर्णयले शुक्रबारसम्म कुनै पनि जहाजमा लोड गरिएको रूसबाट अन्य मुलुक जाने तेल र पेट्रोलियम उत्पादनहरूको खरिदको लागि अनुमति दिन्छ ।

यसले यस पहिले अप्रिल ११ सम्मका लागि प्रतिबन्धलाई खुकुलो बनाउने अमेरिकाको योभन्दा पहिलेको निर्णयलाई लम्ब्याएको छ ।

बुधबार बेसेन्टले पत्रकार हरूसँग संयुक्त राज्य अमेरिकाले रूसी तेल वा इरानी तेलको लागि यस्तो छुटलाई विस्तार नगर्ने बताउनुभएको थियो ।

दुबै निर्णयको उद्देश्य इरानविरुद्ध अमेरिका-इजरायल युद्धबाट विश्वव्यापी आपूर्तिको झट्कालाई कम गर्नु थियो ।

तेहरानले आक्रमणको प्रतिकार गर्दै ऊर्जा ढुवानीको लागि एक प्रमुख जलमार्ग हर्मुज घाँटीलाई पनि प्रभावकारी रूपमा बन्द गरेर आक्रमणको विरोध जनाउँदै आएको छ ।

हर्मुजमा आवतजावतमा इरानले गरेको कडाइका कारण विश्वव्यापीरूपमा तेलको मूल्य बढेको छ, जसले इन्धनका लागि विशेष गरी यस क्षेत्रबाट ऊर्जा निर्यातमा निर्भर ती देशहरूलाई समस्यामा पारेको छ ।

यो अवधिमा अमेरिकी पेट्रोलको मूल्य पनि बढेको छ, जसले यस वर्षको प्रमुख मध्यावधि चुनावको अगाडि अमेरिकी नागरिकहरूको जनजीवनलाई समेत प्रभावित गरेको छ ।

यस्तो छूटले रूसलाई युक्रेनविरुद्धको युद्धका लागि आवश्यक तेलको राजस्वबाट वञ्चित गर्ने प्रयासलाई जटिल बनाउन सक्छ ।

अमेरिकी वर्तमान् प्रशासनको निर्णयको विरोध गर्दै अमेरिकी सिनेटका डेमोक्र्याट् सदस्यहरू ज्यान साहिन, चक सुमर र एलिजावेथ वारेनले संयुक्त विज्ञप्ति जारी गरी निर्णयलाई ' लज्जास्पद' भन्नुभएको छ ।

अमेरिकी संसद्का सदस्यहरूले भने, "यो निर्णय लज्जास्पद छ र यो सेक्रेटरी बेसेन्टले रूसलाई प्रतिबन्ध राहत नदिने प्रतिबद्धता व्यक्त गरेको दुई दिन पछि आएको शत प्रतिशत उल्टो निर्णय हो ।"

"कुनै गल्ती नगर्नुहोस्, राष्ट्रपति ट्रम्पको इरान बिरूद्ध युद्धको सबैभन्दा ठूलो लाभग्राहीमध्ये पुटिन एक हुनुभएको छ किनकि रूसले मार्चमा तेलको राजस्व लगभग दोब्बर देखेको थियो," उनीहरूले थपे ।

यसै हप्ता वासिङ्टनमा भएको विश्वका शक्तिशाली सात अर्थतन्त्रहरूको समूह (जि-७) का अर्थमन्त्रीको बैठकपछि फ्रान्सका अर्थमन्त्री रोलान्ड लेस्क्युरले 'इरानमा जे भइरहेको छ, त्यसबाट रुसले फाइदा लिनु हुँदैन' भन्ने कुरामा जोड दिनुभएको थियो ।

उहाँले युक्रेनलाई 'संपार्श्विक क्षति' पनि नहुने बताउनुभयो । सन् २०२२ मा युक्रेनमा सुरु भएको रुसको आक्रमण दोस्रो विश्वयुद्धपछि युरोपमा सबैभन्दा घातक द्वन्द्व बनेको छ भने अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणले विश्वव्यापीरूपमा इन्धनको मूल्य बढाएको छ ।

# इटहरी गोल्डकप फुटबल प्रतियोगिता : युवा समाज गछिया इटहरी गोल्डकपको फाइनलमा




धरान । १६औँ संस्करणको अन्तराष्ट्रिय आमन्त्रण रेडबुल इटहरी गोल्डकप फुटबल प्रतियोगितामा पहिलो पटक सहभागी भएको युवा समाज गछिया मोरङ फाइनलमा प्रवेश गरेको छ ।

गत चैत ३० गतेदेखि रात्रिकालीन रूपमा सञ्चालन भइरहेको प्रतियोगिताअन्तर्गत शुक्रबार इटहरीस्थित रङ्गशालामा सम्पन्न खेलमा युवा समाजले साबिक विजेता मछिन्द्र फुटबल क्लबलाई ट्राइबेकरमा पाँच-चार गोलअन्तरले पराजित गर्दै फाइनलमा पुगेको हो ।

निर्धारित समयमा दुवै टोलीले तीन-तीन गोलको बराबरी खेलेपछि खेलको निर्णय पेनाल्टी सुटआउटमार्फत गरिएको थियो । पेनाल्टीमा पनि दुवै टोलीले चार-चार गोल गरेपछि खेल सडनडेथमा पुगेको हो ।

पेनाल्टी सुटआउटमा मछिन्द्रका रोहित चन्द, दीपेश गुरुङ, देबेन्द्र तामाङ र तुसार विश्वकर्माले गोल गरेका थिए भने सनिश श्रेष्ठको प्रहार पोस्टमा लागेर बाहिरिएको थियो । युवा समाजका रामचन्द्र वाजी, विशाल तामाङ, शिशिर लेखी र सृजनराज गौतमले गोल गरेका थिए भने कप्तान सुजन चौधरीको प्रहार पोस्टमा लागेर फर्किएको थियो ।

खेलको २२औँ मिनेटमा युवा समाजका जन्मि धामीले पहिलो गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । त्यसपछि ४६औँ मिनेटमा सुजन डङ्गोल र ५९औँ मिनेटमा पदम भट्टराईले थप गोल गरे ।

मच्छिन्द्र क्लबका पदम बुढाथोकीले खेलको १३औं र १६औं मिनेटमा दुई गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । निर्धारित अन्तिम समयमा तुसार विश्वकर्माले थप एक गोल गरेका थिए ।

शुक्रबारको खेलका ' प्लेयर अफ द म्याच' युवा समाजका पदम भट्टराई घोषित हुनुभयो । उहाँलाई नगद रु १० हजार पुरस्कार प्रदान गरिएको कार्यक्रम संयोजक अनुरोध थापाले जानकारी दिनुभयो ।

प्रतियोगिताको उपाधिका लागि फाइनल खेल आगामी वैशाख ७ गते हुनेछ । विजेता टोलीले रु १० लाख तथा उपविजेताले रु पाँच लाख नगद पुरस्कार प्राप्त गर्नेछन् । साथै, सर्वोत्कृष्ट खेलाडीलाई रु एक लाख, सर्वाधिक गोलकर्तालाई रु २५ हजार तथा विभिन्न विधामा उत्कृष्ट खेलाडीलाई जनही रु २० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । रासस

# सम्झौता नभए सम्म इरानी बन्दरगाहमा अमेरिकी नाकाबंदी जारी रहन्छ : ट्रम्प



रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँग शान्ति सम्झौतामा नभए सम्म इरानी बन्दरगाहहरूमा अमेरिकी नाकाबंदी कायम राख्ने योजना बनाएको बताउनु भएको छ ।

इजरायल र लेबनानबिचको युद्धविराम सम्झौतापछि इरानले शुक्रबार स्ट्रेट अफ होर्मुज पुनः खोलेको छ, यद्यपि तेहरानले अमेरिकी नाकाबंदी जारी रहेमा होर्मज जलमार्ग फेरि बन्द गर्ने धम्की दिएको छ ।

तेहरान र वासिङ्टनबीच यस अघि भएको युद्धविराम बुधवार समाप्त हुने भएको छ । युद्धविराम विस्तार हुन्छ कि हुदैन भनेर सोधिएको प्रश्नमा ट्रम्पले पत्रकारहरूलाई युद्धविराम विस्तार नगर्ने तर नाकाबंदी जारी राख्ने बताउनु भएको हो ।

यस अघि पाकिस्तानमा भएको वार्तामा अमेरिका र इरानका मागहरू बीच मुख्य भिन्नता भएका कारण सहमतिमा पुग्न असफल भएका छन् । ट्रम्पले पत्रकारहरूलाई इरानले स्ट्रेट अफ होर्मुज हुँदै जाने जहाजहरूमा "कुनै शुल्क नलगाउने बताउनु भएको छ ।

सामाजिक सञ्जाल ट्रथमा उहाँले होमूज खोल्दा चिनियाँ राष्ट्रपति सी जिनपिङ धेरै खुसी भएको बताउनु भएको छ । आमामी मे महिनामा बेइजिङमा आयोजना गरिएको शिखर सम्मेलनलाई उल्लेख गर्दै ट्रम्पले चीनमा आफ्ना समकक्षी र राष्ट्रपति सी जिनपिङसँग विशेष र ऐतिहासिक भेटघाट हुने बताउनु भएको छ ।

फेब्रुअरी- २८ देखि सुरु भएको युद्ध अन्त्य गर्ने योजना अन्तर्गत तेहरानले इरानमा भण्डार गरिएको युरेनियम संयुक्त राज्य अमेरिकालाई हस्तान्तरण गर्नु पर्ने कुरामा पनि ट्रम्पले जोड दिनु भएको छ ।

यसअघि इरानको विदेश मन्त्रालयले आफ्नो युरेनियम कतै पनि हस्तान्तरण नगर्ने बताएको थियो । रासस

# अन्तरराष्ट्रिय कानूनको सम्मान गर्न राष्ट्रसङ्घीय प्रमुखको आग्रह



रासस/क्युएनए । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अन्तर्राष्ट्रिय कानुनको अवहेलनाले विश्वव्यापी विश्वास घट्ने चेतावनी दिँदै अन्तर्राष्ट्रिय अदालतले जारी गरेको फैसला पालना गर्नु संयुक्त राष्ट्रसङ्घको बडापत्र अन्तर्गतको बाध्यकारी दायित्व भएको बताउनु भएको छ ।

अर्न्राष्ट्रिय अदालतको ८० औं वार्षिकोत्सवको अवसरमा जारी वक्तव्यमा गुटेरेसले विगत आठ दशकमा आधुनिक अन्तर ाष्ट्रिय न्यायीक व्यवस्थालाई आकार दिन अदालतले केन्द्रीय भूमिका खेलेको बताउनु भएको छ ।

अदालतको अधिकार र स्वतन्त्रता बारे उल्लेख गर्दै उहाँले विवादको शान्तिपूर्ण समाधान र निर्णयको पालनाको लागि नयाँ प्रतिबद्धताको आवश्यकतालाई जोड दिनु भएको छ ।

गुटेरेसले सशस्त्र द्वन्द्व वढाउने, नियमहरू उल्लङ्घन गर्ने सैन्य कार्यहरू, साथै संयुक्त राष्ट्र सङ्घको मानवीय दायित्व र सुरक्षा कायम गर्ने असफलताहरूलाई औंल्याउँदै अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन तिव्र रुपमा भएको बताउनु भएको छ । यसै बीच न्याय कायम राख्ने जिम्मेवारी दिइएको संस्थाहरूले बढ्दो शङ्का र चुनौतिहरूको सामना गरिरहेको उहाँले चेतावनी दिनु भएको छ ।

उहाँले विधिको शासनलाई बलको कानूनले प्रतिस्थापन गर्ने प्रयास गर्दा द्वन्द्व वढी विश्वव्यापी अस्थिरता उत्पन्न हुने बताउनु भएको छ । रासस

# खजुरा गोल्डकपः जेबीएम एकेडेमी लखनउ फाइनल प्रवेश



राँझा । बाँकेको खजुरा गाउँपालिका-४ डी गाउँस्थित मिनी रङ्गशालामा सञ्चालन भइरहेको एमटी एरिना प्रथम खजुरा गोल्डकप प्रतियोगितामा जेबीएम फुटबल एकेडेमी, लखनउ फाईनलमा प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा जेबीएम फुटबल एकेडेमी, लखनउ (भारत)ले गोर्खा ब्वाइज क्लब, बुटवल (रुपन्देही)लाई ३-१ ले पराजित गर्दै फाइनल प्रवेश गरेको हो । खेलको पहिलो हाफको १२औँ मिनेटमा निखिल तामाङले उत्कृष्ट गोल गर्दै जेबीएमलाई अग्रता दिलाएका थिए ।

दोस्रो हाफमा ४२औँ मिनेटमा सुरज भण्डारी र ६०औँ मिनेटमा कमल जिसीमार्फत दुई थप गोल गर्दै जेबीएमले जित निश्चित गरेको थियो । खेलको ७० औँ मिनेटमा गोर्खा ब्वाइजका सुरज थारुले एक गोल फर्काएका थिए ।

न्यू डाँफे स्पोर्ट्स क्लब, खजुरा बाँकेको आयोजनामा भइरहेको प्रतियोगिताको मुख्य प्रायोजक एमटी एरिना स्पोर्ट्स वेयर रहेको छ । प्रतियोगिताको विजेताले नगद रु सात लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद रु चार लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्, जसमा विजेता पुरस्कार खजुराबासी हाल अमेरिका निवासी लिलबहादुर थापाको सौजन्य रहेको आयोजक न्यू डाँफे स्पोर्ट्स क्लबका अध्यक्ष बालाराम खत्रीले जानकारी दिनुभयो ।

उहाँका अनुसार, प्रतियोगिता अन्तर्गत शनिवार हुने दोस्रो सेमिफाइनल खेलमा जस्ट जोन एफसी, नाइजेरिया र फोर ब्रदर्स एफसी, सरावल (नवलपरासी)बीच प्रतिस्पर्धा हुनेछ । रासस

# अफगानिस्तानमा बाढीका कारण, ७३ हजार भन्दा बढी प्रभावित : राष्ट्रसङ्घ



रासस/सिन्ह्वा । अफगानिस्तानका ३१ प्रान्तमा यस अघि लगातार १२ दिन सम्म आएको बाढीका कारण ७३ हजार भन्दा बढी मानिसहरु प्रभावित भएको संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) ललाई उद्दृत गर्दै शनिबार टोलो न्यूजले जनाएको छ ।

युएनएफपिएको रिपोर्टका अनुसार बाढीले अफगानीस्तानका विविन्न स्थानमा क्षति पुर्याएको छ भने हजारौं घर, कृषि जग्गा र सडक लगायत प्रमुख पूर्वाधारहरू ध्वस्त पारेको छ । विस्थापित परिवारहरू, विशेष गरी महिला तथा वालवालीकाहरुले स्वास्थ्य सेवाहरूको पहुँचमा गम्भीर चुनौतीहरूको सामना गरिरहेका छन् । उनीहरुलाई तत्काल खाना, आश्रय, र मनोसामाजिक सहयोग अत्यावश्यक भएको जनाइएको छ ।

मानव अधिकारवादी संस्थाहरूले बढ्दो आवश्यकताहरू सम्बोधन गर्न र जीवन अवस्थाको थप बिग्रन रोक्न सहयोग बढाउन आह्वान गरेका छन् ।

# संयुक्त राष्ट्र सङ्घद्वारा होर्मुज जलक्षेत्र पुनः खोल्ने इरानी घोषणाको स्वागत

रासस/ क्युएनए । संयुक्त राष्ट्र सङ्घले होमुज जल क्षेत्र खोल्ने इरानी घोषणाको स्वागत गरेको छ । घोषण अनुसार संयुक्त राज्य अमेरिकासँगको युद्धविराम अवधि भर सबै व्यावसायिक जहाजहरूका लागि हार्मुज जलक्षेत्र पूर्ण रूपमा खुल्ने छ ।

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले विज्ञप्ति गर्दै होर्मुज खोल्ने घोषणा सही कदम भन्दै यसको स्वागत गर्नु भएको छ । उहाँले संयुक्त राष्ट्र सङ्घको अडान स्पष्ट रहेको बताउदै होर्मुजमा अन्तर्राष्ट्रिय जहाजको अधिकार र स्वतन्त्रताहरू सबै पक्षहरूले पूर्ण रूपमा पुनर्स्थापित र सम्मान गर्नु पर्ने बताउनु भएको छ । उहाँले आशा व्यक्त गर्दै यो कदमले



द्वन्द्वरथ पक्षहरू बीच विश्वास निर्माण गर्न र पाकिस्तानको मध्यस्थतामा स्थायी युद्धविरामको लागि जारी वार्तालाई बलियो बनाउन योगदान पुऱ्याउने बताउनु भएको छ ।

संयुक्त राष्ट्र संघका प्रवक्ता स्टेफेन डुजारिकले मध्य पूर्वमा हालको द्वन्द्व समाधान गर्न शान्तिपूर्ण बाटो खोज्ने कूटनीतिक प्रयासहरूलाई पूर्ण रूपमा समर्थन गर्ने महासचिवको प्रतिबद्धता पुष्टि गर्नु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पहिले नै व्यावसायिक ढुवानीको लागि हार्मुज पूर्ण रूपमा खोल्ने इरानी घोषणाको स्वागत गरेको घोषणा गर्नु भएको थियो ।

# नाइजेरियामा अपहरणमा परेका पीडितहरूको उद्धार



रासस/एएफपी । नाइजेरियाको मध्य बेन्यु राज्यमा बुधवार अपहरणमा परेका १४ जना मध्ये धेरैलाई उद्धार गरिएको स्थानीय प्रहरीले जनाएको छ ।

नाइजेरियामा उत्तरी भागमा फिरौतीका लागि अपहरणजन्य घटनाहरु बढेका छन् भने लामो समय देखि देशले यस्ता आक्रमणको निरन्तर सामना गरिरहेको छ । यस्ता आक्रमणहरू आपराधिक गिरोहहरू र जिहादीहरूद्वारा गर्ने गरिएको जनाइउको छ ।

बेन्यु राज्यमा मुस्लिम फुलानी गोठालाहरू र मुख्यतया इसाई किसानहरू बिच भूमि र प्राकृतिक स्रोतहरूलाई लिएर नियमित रूपमा तनावको सामना गर्नुपरेको छ । प्रहरी र अन्य सुरक्षा निकायहरूद्वारा सञ्चालित संयुक्त सुरक्षा कारबाहीमा, कार्यकर्ताहरूले आमला वन र छेउछाउका क्षेत्रहरूमा लक्षित खोजी र उद्धार अभियान सञ्चालन गरिरहेका बेन्यु राज्य प्रहरी प्रवक्ता उडेमे एडेटले विज्ञप्ति मार्फत जनाउनु भएको छ ।

अपरेसनले केही पीडितहरूको सफल उद्धार गरी हाल चिकित्सा उपचारमा रहेको जनाइएको छ । प्रवक्ताले उद्धार गरिएका व्यक्तिहरूको सङ्ख्या निर्दिष्ट नगरी सात जना संदिग्धलाई पनि पक्राउ गरिएको बताउनु भएको छ ।

अपहरण गरिएका व्यक्तिहरू मकुर्दी सहर जाने बसमा यात्रुहरू रहेको प्रहरीले पुष्टि पारेको छ ।

# झलारीका मुक्त कमैयालाई आवास बनाउन बजेट उपलब्ध

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-१० झलारीका मुक्त कमैया तथा मुक्त कमलरी परिवारका लागि सुरक्षित आवास निर्माण अघि बढाइएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, शुक्लाफाँटा नगरपालिकाको लागत साझेदारीमा १५ मुक्त कमैया परिवारका लागि घर निर्माण प्रक्रिया सुरु गरिएको हो ।



नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टका अनुसार मुक्त कमैया, हलिया तथा कमलरी पुनःस्थापना कार्यक्रमअन्तर्गत उपभोक्ता समितिमार्फत आवास निर्माणको काम अघि बढाइएको छ । "मन्त्रालय, नगरपालिका र गैरसरकारी संस्थाबीच आवास निर्माणका लागि सम्झौताभैकार्य अगाडि बढेको छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार सुरक्षित आवास निर्माणका लागि मन्त्रालयले रु ५२ लाख ५० हजार बजेट उपलब्ध गराउने सहमती गरेको छ । प्रतिआवास रु तीन लाख ५० हजारका दरले रकम प्रदान गरिने सहमति भएको अधिकृत विष्टले जानकारी दिनुभयो ।

नगरपालिकाले 'मुक्त कमैया, हलिया तथा कमलरी पुनःस्थापनासम्बन्धी कार्यविधि, २०८०'अनुसार छनोट भएका लाभग्राहीका लागि आवास निर्माण गराउने जिम्मेवारी लिएको छ ।

वडा नं १० का अध्यक्ष लालबहादुर ऐरेका अनुसार चालु आर्थिक वर्षको वडाका लागि विनियोजित स्वीकृत बजेट मध्येबाट रु २१ लाख ७५ हजार लागत साझेदारी गरिएको छ । "प्रतिआवास निर्माणका लागि रु एक लाख ४५ हजारका दरले रकम उपलब्ध गराइनेछ," उहाँले भन्नुभयो ।

निर्माण हुने प्रत्येक घरमा दुई सुत्ने कोठा, एक भान्सा, एक शौचालय तथा स्नानकक्ष रहनेछन् । हालसम्म सुरक्षित आवास नहुँदा मुक्त कमैया र कमलरी परिवार कच्ची झुपडीमा असुरक्षित रूपमा बस्दै आएका थिए ।

"विषालु सर्प, बिच्छीको डर, आगलागीको जोखिम र वर्षामा छाना चुहिने समस्या थियो," वडा अध्यक्ष ऐरेले भन्नुभयो, "नयाँ आवास निर्माणसँगै यी समस्या समाधान हुने विश्वास लिएका छौं ।"

आवास निर्माण तथा घर नक्सा पास गर्ने जिम्मेवारी नगरपालिकाको रहनेछ । कुल लागतको कम्तीमा १० प्रतिशत योगदान लाभग्राही स्वयंले व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ ।

निर्माण सम्पन्न भएपछि प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गरिनेछ र मन्त्रालयकै समन्वयमा घर लाभग्राहीलाई हस्तान्तरण गरिनेछ । हस्तान्तरणपछि मर्मतसम्भार तथा संरक्षणको जिम्मेवारी लाभग्राहीकै बताइएको छ ।

यस कार्यक्रमले मुक्त कमैया तथा कमलरी समुदायको दीर्घकालीन आवास समस्या समाधानमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

यसैगरी, गत आवमा वडा कार्यालयकै पहलमा सिमलखेतका सुरक्षित आवास विहीन दलित समुदायका लागि निड्स नामक गैरसरकारी संस्थासँगको लागत साझेदारीमा ११ सुरक्षित आवास निर्माण गरिएका थिए । प्रति रु छ लाख ५० हजारमा निर्माण भएका आवास दलित समुदायलाई हस्तान्तरण गरिएको थियो । रासस


# बेनीको 'लभ्लिहिल' पर्यटन पूर्वाधार योजना अझै कार्यान्वयनमा आएन

म्याग्दी । बेनी नगरपालिका-२ खबरामा प्रस्तावित 'लभ्लिहिल' पर्यटन पूर्वाधार योजना कार्यान्वयनमा आउन सकेको छैन ।

बेनी नगरपालिकाले पछिल्लो तीन आर्थिक वर्षमा गौरवको योजनाको रुपमा बजेट बिनियोजन गरेको लभ्लिहिल पर्यटन पूर्वाधार योजना कार्यान्वयन हुन नसकेको हो । बजेट बिनियोजन भएपनि योजना कार्यान्वयनमा अलमल र ढिलाई हुँदा निराश बनेको खबराका बासिन्दा ध्रुबराज कार्कीले बताउनुभयो ।

"परिकल्पना गरिएको शाहासिक पिङको नक्साङ्कन र डिजाइन तयार पार्ने प्राविधिक जनशक्तिको अभाव, सामुदायिक वनको कार्ययोजनामा पर्यटन प्रर्वद्धनको कार्यक्रम समावेश गराउन भएको प्रक्रियागत ढिलाई र निर्माण तथा सञ्चालनको मोडालिटी स्पष्ट नहुँदा ढिलाई भएको हो," उहाँले भन्नुभयो "डेढ देखि दुई महिनाको काम गर्न तीन वर्षसम्म अल्झीदा बजेट बिनियोजन र योजना छनौट हुँदा खुसी भएका खबराबासी निराश हुन थालेका छौ ।"

लभ्लिहिल पर्यटन पूर्वाधार शिर्षकमा आर्थिक वर्ष २०८०/०८१ मा रु. १५ लाख बिनियोजन गरेको बेनी नगरपालिकाले गत आर्थिक वर्षमा बिनियोजन गरेको रु. २५ लाख खर्च गर्न सकेन् भने यस वर्ष बिनियोजन भएको रु. २५ लाख पनि कार्यान्वयनमा ढिलाई भएको छ ।



पहिलो वर्षको बजेटबाट रु. छ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार र प्राविधिक अध्ययन गरिएको थियो । नगरपालिका, म्याग्दी उद्योग वाणिज्य संघ र खबराको सामुदायिक बन उपभोक्ताको साझेदारीमा 'साहासिक पिङ' बनाउने परिकल्पना सहित बजेट बिनियोजन भएको हो ।

म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठका अनुसार गत वर्ष संघले परामर्शदाता परिचालन गरेर साहासिक पिङ बनाउने योजनाको नक्साङ्कन र लागत अनुमान तयार पारेपनि समय छोटो भएका र वन सम्बन्धी प्रक्रिया पुरा गर्न भएको ढिलाईले निर्माण गर्न नसकिएको बताउनुभयो । "यस वर्ष योजना कार्यान्वयनको तयारी गरेको अवस्थामा म पारिवारिक कामले भारत जान परेपछि कार्यवाहक अध्यक्ष र पुर्व अध्यक्षहरुको नेतृत्वमा काम अघि बढाउन छलफल गरिरहेको छु," उहाँले भन्नुभयो "केही दिनमै निर्माण र सञ्चालनको मोडालिटीमा स्पष्ट भएर काम अघि बढाउने तयारीमा छौ ।"

म्याग्दी हुँदै सडक मार्ग भएर मुस्ताङ जाने आउने पर्यटकलाई बेनीमा भुलाउनका लागि लभ्लीहिललाई गन्तब्य बनाउन यसअघि प्रवासी म्याग्देली, उद्योग वाणिज्य संघ र नगरपालिकाको साझेदारीमा बेनी देखि लभ्लीहिल जोड्ने पदमार्ग निर्माण भएको थियो । प्रदेश सरकारको सहयोगमा डाडाको डिलमा तारजाली, पदमार्ग र पार्क निर्माण भएको छ ।

बेनी-२ का वडा अध्यक्ष यामबहादुर कार्कीले लभ्लिहिल पर्यटन पूर्वाधार योजना कार्यान्वयनमा भएको ढिलाईका विषयमा नगरपालिकालाई दवाव र सहजिकरण तथा समन्वय गरिरहेको बताउनुभयो । पहल गरेपनि अपेक्षित उपलब्धी हाँसिल नहुँदा यस वर्षपनि योजना कार्यान्वयन नहुने होकी भन्ने चिन्ता बढेको बताउनुभयो ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले यस वर्ष सामुदायिक वन समूहले कार्ययोजनामा समावेश गरेको, प्राबिधिक टोलीले सबै तयार गरिसकेकाले उद्योग वाणिज्य संघ र खबराबासीसँग समन्वय गरेर जति सक्दो छिटो योजना कार्यान्वयनमा लैजान पहल गरिरहेको बताउनुभयो ।

बेनी बजारदेखि लभ्लिहिल जोड्ने सडक स्तरोन्नति योजनालाई निरन्तरता दिएको उहाँले बताउनुभयो । प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा बिनियोजन भएको रु. पाँच लाख बजेटको योजना भने उपभोक्ता समितिबाट कार्यान्वयन थालिएको छ ।

बेनी बजारदेखि २० मिनेट उकालो पैदलयात्रा गरेपछि पुगिने लभ्लीहिलबाट धौलागिरि, नीलगिरि, अन्नपूर्णलगायत आठ हिमाल, बेनीबजार, नागबेली परेर बगेका म्याग्दी र कालीगण्डकी नदी, गलेश्वर, पौलस्त्य आश्रम, पुलाचौर, भकिम्लीको स्वर्गाश्रम, पर्वत बेनी र मल्लाजलगायतका क्षेत्र देख्न सकिन्छ ।

लभ्लिहिलबाट चारैतिरको दृश्यावलोकन गर्न सकिने र गर्मीयाममा शीतलताको खोजीमा मानिस आउने गरेको स्थानीय नारायण कार्कीले बताउनुभयो । पहिले केही सीमित मानिस पुग्ने ठाउँ पछिल्लोपटक लभ्लीहिल बनेपछि समूह बनाएर दैनिकरुपमा युवापुस्ता पुग्न थालेपछि पूर्वाधारको आवश्यकता महशुस गरिएको हो । पछिल्लो समय तस्वीर खिचाउन र टिकटक बनाउन पनि यहाँ दैनिकजसो युवायुवतीको भीड लाग्ने गरेको छ । रासस

# 'ब्रान्ड' बन्दै 'जस्बिरे चिया'

इलाम । विसं २०४२ मा पत्रकार तथा लेखक स्वर्गीय भैरव रिसाल स्विस सरकारको सहयोगमा सञ्चालित एक आलुखेतीसम्बन्धी परियोजनामा काम गर्न हालको इलाम नगरपालिका-४ जस्बिरे गाउँ आइपुग्नुभएको थियो । रिसालले यहाँ आउँदा आलुखेती मात्र सिकाउनुभएन । उहाँले चिया रोप्न पनि सिकाउनुभयो । त्यतिखेर चियाखेतीबारे ज्ञान आर्जन गर्नुभएका स्थानीय सूर्य सुब्बालाई कुनै दिन आफ्ना छोराहरूले चिया उद्योग नै सञ्चालन गर्लान् भन्ने लागेको थिएन । तर अहिले उहाँका छोराहरूले सञ्चालन गरेको 'जस्बिरे चिया प्रशोधन उद्योग' चिया उद्योगका क्षेत्रमा 'ब्रान्ड' बनेको छ ।

सूर्यका चार भाइ छोरा हुन् । त्यसमध्येका जेठो र माइलो शरद् र गृष्मले १० वर्षअघि जम्मा १४ लाख रुपैयाँ लगानीमा उद्योग सुरु गर्नुभएको थियो । हाल सो उद्योगको लगानी आठ करोड रुपैयाँ पुगिसकेको छ । उहाँहरूले आफ्नो ६० रोपनी जमिनमा चियाखेती गर्नुभएको छ । चार सय रोपनी जमिन भाडामा लिएर चियाखेती गर्नुभएको छ ।



गाउँका १८५ घरपरिवारले उत्पादन गर्ने चिया यही उद्योगमा आउँछ । वार्षिक ३० हजार केजी तयारी अर्थोडक्स चिया उत्पादन गर्दै आएको यस उद्योगले यस वर्षदेखि एक लाख केजी तयारी चिया उत्पादन गर्ने लक्ष्य लिएको छ । यहाँ उत्पादित चियाको मुख्य बजार नेपालसहित अमेरिका, जापान, फ्रान्स, चीन, नेदरल्याण्ड, डेनमार्क, र जर्मनीलगायतका देश हुन् ।

जस्बिरे चिया प्रशोधन उद्योग ब्रान्डका रूपमा स्थापित हुनुका पछाडि सुब्बा परिवारको अथक मेहनत उदाहरणीय छ । सूर्यका जेठा छोरा गृष्म उद्योगको बजार व्यवस्थापन गर्नुहुन्छ । माइला शरद् नेपालकै 'बेस्ट टी मेकर' हुनुहुन्छ । उहाँले काठमाडौंमा आयोजित 'नेपाल टी च्यालेन्ज-२०२४' मा 'बेस्ट टि मेकर'को अवार्डसमेत प्राप्त गर्नुभएको थियो । उहाँले चिया बनाउन थाल्नुभएको २० वर्ष भइसकेको छ । उद्योगमा उत्पादन हुने सबै किसिमका चिया शरद्ले बनाउने गर्नुहुन्छ ।

साहिँला छोरा निर्विकल्पको काम उद्योगको प्राविधिक पाटो हेर्ने हो । मेसिन फेर्ने, बनाउने वा हटाउनेसहितका काम उहाँको जिम्मामा छ । कान्छा छोरा विकल्प अष्ट्रेलियामा मार्केटिङबारे अध्ययनरत हुनुहुन्छ । गृष्मका छोरा कर्म पनि भर्खरै पढाइ सकेर उद्योगमा काम गर्न आउनुभएको छ । उहाँको काम विदेशी पाहुनालाई चियाको बारेमा जानकारी दिनु हो ।

यहाँ सुनकेसरी, रेडपान्डा, कोठीडाँडा ब्युटीलगायत नामका ३५ भन्दा बढी प्रकारका अर्गानिक अर्थोडक्स चिया उत्पादन हुने गरेको छ । "उद्योगमा हामी परिवारका सदस्य सबै खटिएका छौँ", गृष्मले भन्नुभयो । हाल सात हजार केजी 'स्पेशल टी' र अन्य सबै किसिमका गरी ३० हजार केजी तयारी चिया उत्पादन हुने गरेको गृष्म बताउनुहुन्छ । जस्बिरे चिया उद्योगको पहिचान 'स्पेशल टी' हो । यस उद्योगमा 'स्पेशल टी' मात्र वार्षिक सात हजार केजी उत्पादन हुँदै आएको छ ।

"एक वर्षमा स्पेशल टी मोटामोटी सात हजार केजी उत्पादन हुन्छ । सुइरोबाट मात्र उत्पादित दुई हजार केजी हुन्छ । किनकी त्यसलाई धेरै मेहेनत पर्छ", माइला छोरा शरद्ले भन्नुभयो, "अरु 'स्पेशल टी' एक पात एक सुइरो, दुई पात एक सुइरो, तीन वा चार पात एक सुइरोको फरक स्वाद हुन्छ । फरक सिजन, मौसम र उचाइअनुसार उत्पादन हुने चियाको स्वाद फरक हुन्छ । मूल्य पनि फरक हुन्छ ।"

उहाँका अनुसार विश्व बजारमा 'स्पेशल टी' को माग धेरै छ । यहाँ उत्पादन भएको 'स्पेशल टी' उद्योगले प्रतिकेजी १५ हजार रुपैयाँमा बिक्री गर्छ । दराज अनलाइनमा त्यही चियाको मूल्य ३५ हजार रुपैयाँ प्रतिकेजी रहेको छ । उहाँका अनुसार विदेशमा सोही चियाको प्रतिकेजी मूल्य एक लाख रुपैयाँ नेपालीसम्म पर्छ ।

गत वर्षसम्म उद्योगको क्षमताले माग धान्न सकेको थिएन । तर, यसवर्ष उद्योगमा पूर्वाधार र प्रविधि थपिएको छ । अब २५ हजार केजी तयारी चिया उत्पादन गर्दै आएको उद्योगले वार्षिक एक लाख केजी तयारी चिया उत्पादन गर्ने तयारी थालेको छ । "यसअघि आठ करोड रुपैयाँसम्मको कारोबार थियो, यस वर्षदेखि बढ्छ । वार्षिक एक लाख केजी तयारी चिया उत्पादन गर्न उद्योगको क्षमता बढाएका छौँ", गृष्मले भन्नुभयो, "उद्योगमा नियमित काम गर्ने २६ जना हुनुहुन्छ । स्पेशल टी भएकाले मेसिनभन्दा बढी हातकै काम हुन्छ । टिप्ने, केलाउनेजस्ता काम भएकाले महिला कामदार बढी हुनुहुन्छ ।"

त्यसो त यो सफलताको कथामा छैन । दुई वर्षअघि उद्योग जलेर ध्वस्त भएको तीतो कथा पनि शरद्ले सुनाउनुभयो । २०८१ फागुन १३ गते उद्योगमा आगलागी हुँदा आठ करोड रुपैयाँ मूल्य बराबरको क्षति भएको थियो । उहाँका अनुसार चार करोड बराबरको अर्गानिक अर्थोडक्स तयारी चिया र त्यति नै मूल्यको भौतिक संरचना जलेर नष्ट भएको थियो । विद्युत् सर्ट भई आगो लाग्दा उद्योग पूर्ण रूपमा जलेको थियो । "पुनः शून्यबाट उठ्नुपर्ने अवस्था भएकाले हाल बैंकको ऋण चार करोड रुपैयाँ छ", उहाँले भन्नुभयो ।

जस्बिरे गाउँका सबै घरपरिवारको मुख्य आयस्रोत चियाखेती नै हो । "गाउँमै उद्योग छ । नबिक्ला की भन्ने पीर छैन । अन्य खेती छोडेर गाउँ नै चियामय बनाइयो", स्थानीय किसान मिलन मुखियाले भन्नुभयो, "सुब्बा परिवारको उद्योगले हामी गाउँलेलाई झन् सजिलो भएको छ ।" जस्बिरेमा चिया रोप्नुपर्छ भन्ने सुरुआत लेखक तथा पत्रकार स्व भैरव रिसालले गर्नुभएको हो । उहाँ पहिलोपटक विसं २०४२ मा जस्बिरे आउनुभएको थियो ।

"भैरव सरले हामीलाई आलु रोप्ने उन्नत विधि सिकाउनुभयो । उहाँकै सक्रियतामा यहाँ चिया विस्तार आयोजनाको अवधारणा सुरु भयो", सूर्य सुब्बाले भन्नुभयो, "त्यसपछि जस्बिरेमा चिया विस्तार आयोजना कार्यालय हुँदै देशमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड स्थापना भयो । भैरव सरले यहाँ आएर आलु, चियाखेती गर्न मात्र होइन, गाउँमा विकासको लहर भित्र्याएर जानुभएको थियो ।"

त्यसो त जस्बिरे गाउँ र चियाको इतिहास सुब्बा परिवारसँग जोडिएको छ । राणाकालमा जस्बिर सिंह सुब्बाको नामबाट जस्बिरे गाउँ रहेको बताइन्छ । तिनै जस्बिर सिंह, सूर्य सूब्बाका हजुरबुवा हुनुहुन्थ्यो । तत्कालीन राणाहरू सदरमुकाम स्थापनाका लागि विभिन्न ठाउँ हुँदै कुटीडाँडासम्म आइपुगेका थिए । उनीहरूसँगै आएका विभिन्न जातजातिका मानिसमध्ये जस्बिर सुब्बा पनि एक हुनुहुन्थ्यो । अरू सबै फर्किए, तर जस्बिर सुब्बा भने त्यहीँ बसिरहनुभयो । समय बित्दै जाँदा उहाँको बसोबास रहेको ठाउँ 'जस्बिरे' नामले चिनिन थालेको इतिहासमा पाइने पत्रकार महासङ्घ इलामका पूर्वअध्यक्ष सटेन्द्र जबेगुले बताउनुभयो ।

उद्यमी गृष्मका अनुसार, चिया तीन प्रकारको हुन्छ । सिटिसी, अर्थोडक्स र स्पेशल । सिटिसी मधेसमा उत्पादन मात्र हुन्छ । अर्थोडक्स पहाडमा हुन्छ । अन्तरराष्ट्रिय बजारमा बढी माग हुने अर्गानिक स्पेशल टी हो । "जस्बिरेमा चिया बुझ्न देश, विदेशका पाहुना आउँछन् । हामी उत्पादन, प्रशोधन र मार्केटिङसम्मका कुरा सिकाएर पठाउँछौँ", उहाँले भन्नुभयो ।

उहाँहरू जिल्लाकै सफल र उदाहरणीय उद्यमी रहेको इलाम नगरपालिकाका नगरप्रमुख केदार थापाले बताउनुभयो । "हामीले धेरै अनुदान दिएर होइन । आफ्नै बलबुता र अध्ययनले स्थापित हुनुभएको हो", प्रमुख थापाले भन्नुभयो ।

सरकारको अनुदानभन्दा पनि आफैं गर्नुपर्छ भन्ने हिम्मत आवश्यक रहेको गृष्मको भनाइ छ । "हामीले यस्तो चिया उत्पादन गर्छौं भन्ने कुरा संसारका मान्छेलाई थाहा छैन । त्यो काम हाम्रो पहुँचले भ्याउँदैन । यस्तो कुराचाहीँ सरकारले मार्केटिङ गर्दिए हुन्थ्यो जस्तो लाग्छ", उहाँले भन्नुभयो, "अनुदानका नाममा एक बेला उन्नति परियोजनाले हामीलाई ५० प्रतिशत अनुदान दियो । त्यो बेला हाम्रो उद्योग सानो थियो । हामीलाई सतप्रतिशत अनुदान पा जस्तै भयो । हामीलाई रु ७० लाख जति अनुदान दिइएको थियो ।" रासस

# तीन पटकसम्म म्याम थप्दा पूरा हुन सकेन नमूना पशु अस्पताल भवन

डुम्रे । तनहुँको व्यास नगरपालिका-३ दमौलीस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र परिसरमा नमूना अस्पतालको भवन निर्माण निर्माणाधीन अवस्थामा छ । पटक-पटक म्याद थपे पनि गण्डकी प्रदेशको गौरवको योजनाको रूपमा निर्माणाधीन नमूना पशु अस्पतालको भवन निर्माण पूरा हुन सकेको छैन ।



प्रदेश सरकारको प्राथमिकताको योजनाका रूपमा रहेको नमूना पशु अस्पताल भवन निर्माण पूरा गर्ने उद्देश्यले चौंथो पटक निर्माणावधि थपिएको छ । अस्पतालको केही निर्माण भइरहेकोले निर्माण अवधि चौंथो पटक थप गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार चौंथो पटक विसं २०८३ जेठ १० गतेसम्मका लागि अवधि थप गरिएको छ ।

हालसम्म ७७ प्रतिशत भौतिक प्रगती भएको छ भने ५४ दशमलव ३४ प्रतिशत आर्थिक प्रगति भएको विज्ञ केन्द्रले जनाएको छ । विसं २०७८ साउन १२ गते निर्माण कम्पनीले विसं २०७९ पुस १२ मा नमूना अस्पतालको भवन निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको थियो । सम्झौता अवधिमा निर्माण सम्पन्न हुन नसकेपछि तेस्रो पटक विसं २०८२ जेठ २१ को निर्णयअनुसार विसं २०८२ कात्तिक मसान्तसम्मका लागि म्याद थप गरिएको थियो । सो अवधिमा पनि पशु अस्पतालको भवन निर्माण पुरा हुन नसकेपछि विसं २०८३ जेठ १० गतेसम्मका लागि म्याद थप गरिएको हो ।

तीन पटक समयावधि थपिँदा पनि पूरा हुन नसक्दा पशुपालक किसानले पाउनुपर्ने सेवा प्रवाहमा सकस भएको अधिकारीले बताउनुभयो । पटकपटक म्याद थपिँदा पनि उल्लेख्य प्रगति हुन नसक्दा आयोजना नै अलपत्र अवस्थामा पुगेको हो । म्याद थप गरिएपछि चालु आर्थिक वर्षमा रु २० लाख निर्माण कम्पनीलाई भुक्तान गरिएको प्रमुख अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार भवन अभावले गर्दा अस्पताललाई आवश्यक पर्ने उपकरण जडान र सेवा विस्तारको प्रक्रिया अगाडि बढिरहेको छ । तनहुँ र कास्की जिल्लामा एकैसाथ नमूना पशु अस्पताल निर्माण सुरू गरिएको थियो । कास्कीमा भने भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भइरहेको केन्द्रले जनाएको छ । गण्डकी प्रदेश सरकारले भ्याट बाहेक रु चार करोड ९० लाखको लागतमा ठेक्का सम्झौता गरेको थियो । बहुवर्षीय योजनाअन्तर्गत अस्पतालको भौतिक संरचना क्रमशः विस्तार गर्दै लैजाने लक्ष्य राखिएको भएपनि आवश्यक संरचनासमेत निर्माण हुन सकेको छैन ।

पूर्वाधारसहित पूर्ण सञ्चालनका लागि करिब रु १० करोड लाग्ने अनुमान गरिएको छ । साढे दुईतले भवनमा आकस्मिक, शल्यक्रिया, रेडियोलोजी र प्याथोलोजीसहित २३ वटा कोठा रहनेछ । गुणस्तरीय पशु चिकित्सा सेवा उपलब्ध गराउने उद्देश्यले प्रदेशको मध्यभागमा पशु अस्पतालको भवन निर्माण थालिएको हो ।रासस


## मालपोत कार्यालय मौलापुर, रौतहट

## ३५ दिने सार्वजनिक सुचना

जि.रौ.साविक गा.वि.स. देवाही वडा नं.१ हाल देवाहीगोनाही न.पा. वडा नं.३ मा बस्ने रामईश्वर साह तेलीले आफनो बाबु नाताको औतार साहको नामदर्ताको तपसिलमा उल्लेखित जग्गा आफनो नाममा नामसारी.. गरी पाउं भनी द.नं. ४९७५ मिती २०८२।१२।२५ गतेको माग निवेदन ।

**तपसिल**

| गा.प./ न.पा. | बडा न. | कि.न. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| करुनिया | ५ | ६३ | ०-२-५ | औतार साह |
| करुनिया | २ | १९९ | ०-६-० | औतार साह |

माग जग्गाको मोठ भिडान हुँदा उक्त जग्गाको मोठ श्रेस्तामा ज.ध.को नाम औतार साह, बाबु हिरा साह, बाजे सुनर साह, ना.प्र.नं.११९०५/०३८/१०/०३ मात्र उल्लेख रही जग्गाको विवरणमा गा.वि.स. करुनिया बडा नं.५ कि.नं.६३ क्षे. ०-२-५ वार्ड नं.२ कि.नं.१९९ क्षेत्रफल ०-६-०मात्र मोठ श्रेसको प्रमाणित भाग च्यातिएको उल्लेख रही मोठ कायम रोक्का देखिदैन भनी उल्लेख भएको देखिन्छ। देवाही गोनाही न.पा.वडा नं.३को च.नं.९७६ मिति २०८२-१२-१९ गतेको पत्रबाट ज.ध औतार साह र निजको एक मात्र श्रीमति मुनरी देवीको मृत्यू पश्चात शेषपछिको हक खाने एक मात्र छोरा रामईश्वर साह तेली रहेकोले माथि उल्लेखित जग्गा मरुवाको एकमात्र छोरा रामईश्वर साह तेलकी नाममा नामसारी गरि दिन सिफारिस भई आएको हुँदा उक्त जग्गा माग गर्नेहको सो जग्गामा निज निवेदकको हक पुग्छ कि पुग्दैन? कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गा हाल कस कसको हकभोगमा रहेको छ ? निवेदक र मृत्कविच के नाता सम्बन्ध रहेको छ ? सो जग्गा कुनै किसिमले विकीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन? फरक पर्ने भए यस कार्यालयवाट प्रकाशित सुचनाको ३५ दिनभित्र बाटोको म्यादबाहेक स प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा मांगदाबी बमोजिम.. नामसारी. भै जाने व्यहोरा यसै सुचनाद्वरा जानकारी

# रुख ढल्दा २ को मृत्यु, ४ घाइते



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको जलेश्वरबाटजनकपुरतर्फआइरहेकोज १ ह ४८५० नम्बरको टेम्पुमाथि रुख ढल्दा दुई जनाको ज्यान गएको छ भने चार जना घाइते भएका छन् ।

शनिवार साँझ आएको हावाहुरीको क्रममा टेम्पुमाथि रुख ढलेर दुर्घटना भएको हो । मृत्यु हुनेहरुमा जनकपुरधाम २० का ४१ वर्षीया सकुन्तला देवी र महोत्तरी एकडारा गाउँपालिका ३ का ३३ वर्षीय राहुल मलिक रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । दुवैको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको प्रहरीले जनाएको छ ।

जिप्रका महोत्तरीका अनुसार घाइतेहरुमा टेम्पु चालक जिल्ला महोत्तरी जलेश्वर नगरपालिका ११ का ५२ वर्षीय हरेन्द्र ठाकुर, एकडारा ३ का ४३ वर्षीय फेकनी देवी मलिक, जनकपुरधाम १२ का १७ वर्षीय धिरज मलिक र जनकपुरधाम २० का १४ वर्षीया रिया पण्डित रहेकी छिन् ।

घाइतेहरु मध्ये टेम्पु चालक हरेन्द्र, फेकनी देवी र रियाको अवस्था गम्भीर रहेकाले थप उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याइएको छ भने धिरजको उपचार प्रादेशिक अस्पताल जलेश्वरमा भइरहेको प्रहरीले जनाएको छ। घाइते रिया मृतक शकुन्ता देवी की छोरी हुन।

जलेश्वर नगरपालिका ९ प्रकौलीस्थित नेपाली सेनाको ब्यारेक नजिकै घटना भएको हो । सडक किनारमा रहेको रुख एक्कासी ढल्दा गुडिरहेको टेम्पुमाथि खसेको स्थानीयले बताएका छन् । दुर्घटनापछि टेम्पु पूर्णरूपमा क्षतिग्रस्त भएको छ ।

घटनापछि स्थानीयवासी, प्रहरी र नेपाली सेनाको टोलीले संयुक्त रूपमा उद्धार कार्य सञ्चालन गरेका थिए । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । सडक छेउका जोखिमपूर्ण रुखहरूको समयमै व्यवस्थापन नगर्दा यस्ता घटना दोहोरिने गरेको स्थानीयको गुनासो छ ।

चट्याङ्ग लागेर एकको मृत्यु

यसैबीच शनिवार साँझ नै हावाहुरी सहित परेको चट्यांगमा परी बाराको कोल्हबी नगरपालिका ५ सोनाभारमा एक जनाको ज्यान गएको छ। जिल्ला प्रहरी कार्यालय बाराका अनुसार मृत्यु हुनेमा ३२ वर्षीय लुटावन चौधरी रहेका छन् ।

हावाहुरीसहित आएको वर्षाका बेला छठिघाट नजिकैको खेतमा काम गरिरहेको अवस्थामा चट्याङ लाग्दा गम्भीर घाइते भएका थिए । घटनापछि सँगै रहेका व्यक्तिहरूले उनलाई तत्काल घरतर्फ ल्याए पनि घर पुऱ्याउँदासम्म उनको मृत्यु भइसकेको प्रहरीले जनाएको छ ।


मृतक चौधरीका श्रीमती र दुई छोरा रहेका छन् । जिप्रका बाराले घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

# सामाजिक अभियन्ता कर्ण आज अनसन बस्ने

सामाजिक अभियन्ता कर्णले दिएको जानकारी अनुसार विकसित तथा परिमार्जित शिक्षण विधिको प्रचलनले माध्यमिक तहमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुका साथै समग्र अर्थतन्त्रको लागत घटाउन सहयोग पुग्ने विश्वास गरिएको छ । तर उक्त प्रयासका लागि आवश्यक पूँजीगत कोष व्यवस्थापनमा समस्या उत्पन्न भएको र संघीय तथा प्रदेश सरकारबाट अपेक्षित सहयोग नपाएको उनको गुनासो छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । अर्थतन्त्रको लागत घटाउने उद्देश्यसहित जनकपुरधामका धर्मेन्द्र कुमार कर्णले अघि सारेको शिक्षण विधि कार्यान्वयनमा देखिएका बाधा हटाउन माग गर्दै सत्याग्रह आमरण अनसन बस्ने भएका छन् । उनले आइतबारदेखि जनकपुरधामको जनक चोकमा अनसन बस्ने घोषणा गरेका छन् ।



सामाजिक अभियन्ता कर्णले दिएको जानकारी अनुसार विकसित तथा परिमार्जित शिक्षण विधिको प्रचलनले माध्यमिक तहमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुका साथै समग्र अर्थतन्त्रको लागत घटाउन सहयोग पुग्ने विश्वास गरिएको छ । तर उक्त प्रयासका लागि आवश्यक पूँजीगत कोष व्यवस्थापनमा समस्या उत्पन्न भएको र संघीय तथा प्रदेश सरकारबाट अपेक्षित सहयोग नपाएको उनको गुनासो छ ।

उनले हालै सार्वजनिक नयाँ संघीय सरकारको राष्ट्रिय प्रतिबद्धता पत्रमा आफ्ना माग सम्बोधन हुने संकेत देखिएको उल्लेख गर्दै, विश्वसनीय प्रतिक्रिया प्राप्त भए अनसन कार्यक्रम स्थगित गर्ने बताए । उनले भने, 'तत्काल स्पष्ट र विश्वसनीय जवाफ आए आइतबारदेखि गर्ने भनिएको अनसन स्थगित गर्न तयार छु ।'

अभियन्ता कर्णले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत प्रधानमन्त्री बालेन्द्र साहलाई सम्बोधन गर्दै पत्र पठाउन खोजे पनि प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले विस्तृत जानकारी लिएका थिए ।

यस अघि उनले मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई समेत अर्थतन्त्रको लागत घटाउन सक्ने प्रस्ताव राख्ने खोजेका थिए । तर मुख्यमन्त्री यादवले भने उनलाई बेवास्ता गरेको आरोप छ ।

अभियन्ता कर्णले माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवर्द्धन र लागत घटाउने प्रस्तावप्रति प्रदेश सरकारको उदासीनताबारे मुख्यमन्त्री कृष्ण प्रसाद यादवले सार्वजनिक जवाफ दिनुपर्ने, निजी क्षेत्रबाट गरिएको लागत घटाउने प्रयासमा देखिएका बाधा संघीय सरकारले तत्काल हटाउनुपर्ने, नेपाल वान टेलिभिजन सञ्चालनमा भएको भनिएको नीतिगत भ्रष्टाचारबारे प्रधानमन्त्री र सञ्चार मन्त्रीलगायत संलग्नमाथि छानबिन र कारबाही गर्नुपर्ने, जनप्रतिनिधिसमक्ष राखिने गुनासो तथा निवेदनमाथि ४८ घण्टाभित्र प्रारम्भिक प्रतिक्रिया सुनिश्चित गर्ने व्यवस्था गर्नुपर्ने, तथा जानकी मन्दिर लगायत धार्मिक स्थलसँग सम्बन्धित जग्गा दर्ता समस्याको समाधान गर्नुपर्ने विषय समावेश छन् ।

जिल्ला प्रशासन कार्यालय धनुषाले उनको निवेदनमाथि के निर्णय लिन्छ भन्नेबारे हालसम्म कुनै औपचारिक प्रतिक्रिया सार्वजनिक भएको छैन ।

# हाइवेको होटलमा अनुगमन



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्ला क्षेत्रमा पर्ने हाइवे र आसपासका होटल तथा खाद्य पसलहरूमा अवेर राति खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरधामले अनुगमन गरेको छ ।

गुणस्तर सम्बन्धी गुनासो बढेपछि खाद्य निरीक्षण अधिकारी प्रविण कुमार तिवारीको नेतृत्वमा शुक्रबार राति जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी र सञ्चारकर्मीसमेत सहभागी टोलीले संयुक्त अनुगमन गरेका छन् ।

हाइवेमा पर्ने होटल सिद्धार्थ एण्ड थकाली, कोशी हाइवे होटल, होटल ग्रीन हाइवे, दिदी भेना होटल एण्ड गेस्ट हाउस, होटल बौवा लगायतका दर्जनौं होटलमा निरीक्षण गरिएको तिवारीले जानकारी दिएका छन् ।

अनुगमनका क्रममा होटल सिद्धार्थबाट म्याद गुज्रिएका अखाद्य वस्तु फेला परेपछि नष्ट गरिएको थियो । लेबल नभएका तथा म्याद गुज्रिएका सामग्री बिक्री नगर्न निर्देशन दिइएको उनले जनाए । त्यसैगरी कोशी हाइवे होटलमा पनि लेबलविहीन र म्याद सकिएका खाद्य पदार्थ भेटिएपछि तत्काल बिक्री रोक्न र सरसफाइमा सुधार गर्न निर्देशन दिइएको बताइएको छ ।

होटल ग्रीन हाइवे र दिदी भेना होटल एण्ड गेस्ट हाउसमा समेत म्याद गुज्रिएका खाद्य पदार्थ बिक्री भइरहेको पाइएकोमा सचेत गराइएको उनले बताए । उनका अनुसार कार्यालयले हरेक महिना नियमित रूपमा यस्ता अनुगमन गर्दै आएको छ र अब यसलाई अझ कडाइका साथ निरन्तरता दिइनेछ ।

केही होटलहरूले चर्को मूल्य असुल्ने, म्याद गुज्रिएका खाद्य वस्तु प्रयोग गर्ने, भान्साघर अस्वच्छ राख्ने तथा बासी खाना बिक्री गर्ने गरेको गुनासो व्यापक रुपमा आउन थालेपछि अनुगमन गरिएको तिवारीले बताए । सो क्रममा म्याद गरिएको सामाग्री केही नष्ट गरिएको र केही जफ्त गरिएको हो ।

सो अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय धनुषाका प्रशासकीय प्रमुख अरविन्द लाल कर्ण, इलाका प्रहरी कार्यालय ढल्केवरका उज्ज्वल अधिकारी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रविधि सहायक सहेन्सा कुमार महेता सहभागिता रहेको थियो ।

# मधेश सरकारको खर्च सुस्त गतिमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/८३ को पछिल्लो ९ महिनासम्म वत्तीय अवस्था निकै सुस्तगतिमा गइरहेको देखिएको छ। आम्दानी भन्दै खर्च निकै कम रहेको छ ।

चैत मसान्तसम्म प्रदेशले अनुदानसहित कुल २० अर्ब १८ करोडभन्दा बढी राजश्व संकलन गरेको भए पनि खर्च भने १३ अर्ब रुपैयाँ पनि नपुगेको तथ्यांकले देखाउँछ ।



प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार यो अवधिमा कुल खर्च जम्मा ७ अर्ब १ करोड ७२ लाख रुपैयाँ मात्रै भएको छ, जुन कुल बजेटको करिब १४.९४ प्रतिशत हो। सरकारले बजेट घाटा रहने अनुमानसहित योजना अघि बढाए पनि कार्यान्वयन पक्ष कमजोर हुँदा खर्च हुन नसकेर रकम कोषमै थुप्रिने अवस्था देखिएको छ ।

खर्चको प्रकृति हेर्दा चालु खर्च करिब २६ प्रतिशत पुगेको छ भने पूँजीगत खर्च अत्यन्तै न्यून, करिब ९ प्रतिशतमा सीमित छ । यसले विकास निर्माणका कार्यक्रमहरू अपेक्षित गतिमा अघि बढ्न नसकेको संकेत गर्छ, जसलाई सरोकारवालाहरूले चिन्ताजनक रूपमा लिएका छन् ।

आम्दानीतर्फ भने संघीय सरकारबाट प्राप्त हुने अनुदान प्रमुख स्रोतका रूपमा देखिएको छ । समानिकरण र शसर्त अनुदानमार्फत मात्रै ८ अर्बभन्दा बढी रकम प्रदेशमा आएको छ । यसमध्ये समानिकरण अनुदानबाट ५ अर्ब ४३ करोडभन्दा बढी, शसर्त चालु अनुदानबाट करिब १ अर्ब ६१ करोड र पूँजीगत शसर्त अनुदानबाट १ अर्ब २४ करोड रुपैयाँ प्राप्त भएको छ ।

संघीय अनुदानबाहेक प्रदेशले बाँडफाँडबाट प्राप्त हुने करहरूबाट पनि उल्लेख्य आम्दानी गरेको छ। मूल्य अभिवृद्धि करबाट ६ अर्ब ३ करोड ७३ लाख रुपैयाँ संकलन भएको छ भने अन्त शुल्कबाट २ अर्ब १२ करोड २७ लाख रुपैयाँ प्राप्त भएको छ । सवारीसाधन करबाट १ अर्ब ६७ करोड ३६ लाख रुपैयाँ उठेको छ । चालक अनुमति पत्र र सवारी दर्ता दस्तुरबाट ५३ करोड ५० लाख रुपैयाँ राजश्व संकलन भएको छ ।

वन क्षेत्रको रोयल्टी, दहत्तर-बहत्तर बिक्री तथा परीक्षा शुल्क जस्ता साना शीर्षकहरूबाट पनि करोडौं रकम संकलन भएको छ । वन रोयल्टीबाट ३ करोडभन्दा बढी, दहत्तर-बहत्तर बिक्रीबाट ६ करोडभन्दा बढी र परीक्षा शुल्कबाट ७ करोडभन्दा बढी आम्दानी भएको तथ्यांकले देखाउँछ ।

अर्थ मन्त्रालयका अधिकारीहरूका अनुसार बाँकी तीन महिनामा करिब १० अर्ब रुपैयाँ थप आम्दानी हुने अनुमान गरिएको छ । यसर्थले आर्थिक मसान्तसम्म ३० अर्बसम्म अनुदान तथा राजश्व संकलन हुन सक्ने अनुमान गरिएको छ । यसै कारण प्रदेश सरकारले अनावश्यक तथा साना योजनाहरू कटौती गर्ने निर्णयसमेत गरिसकेको छ । प्रदेश सरकारले ल्याएको बजेटमा करीब १७ अर्ब रुपैया व्ययभार हुन गएको छ । १७ अर्ब बजेट घाटा देखेपछि प्रदेश सरकारले टुक्रे तथा अनावश्यक योजना सर्मपण गर्ने निर्णय गरिसकेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार फागुन मसान्तसम्म १६ अर्ब २ करोड रुपैयाँ राजश्व संकलन भएकोमा फागुन महिनामै मात्रै ४ अर्ब १५ करोड रुपैयाँभन्दा बढी आम्दानी भएको थियो ।

# प्रिन्टर बिग्रँदा परीक्षा नै स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रिन्टर मेसिन बिग्रँदा राजर्षिजनक विश्वविद्यालयमा परीक्षा नै स्थगित भएको छ। शुक्रबार बीएएलएलबी तेस्रो वर्षअन्तर्गत पाचौं सेमेस्टरका विद्यार्थीको परीक्षा स्थगित भएको जनाइएको छ ।




आन्तरिक मूल्यांकनतर्फ 'क्रिमनल प्राक्टिस ड्राफटिङ अफ क्रिमनल केस डकुमेन्ट' विषयको परीक्षा तालिका थियो । तर, व्यवस्थापन पक्षको कमजोरीको कारण परीक्षा हुन नसकेको विद्यार्थीले जनाएको छ ।

विद्यार्थी जयविन्दू मुखियाका अनुसार एक साताअघि परीक्षा तालिका सार्वजनिक भएको थियो । वैशाख ४ गते बिहान ७ बजेदेखि परीक्षा राखिएको थियो । तर, विद्यार्थी पुग्दा प्रशासनमा कोही पनि नभेटिएको, प्रश्नपत्र तयार नभएको र गैरजिम्मेवार रूपमा उपस्थित कर्मचारी प्रस्तुत भएको उनको आरोप छ ।

उनले भने " बिहान ७ बजेदेखि राखिएको परीक्षामा हामीले ८:४० मिनेटसम्म पर्खेर बस्यौं । परीक्षा लिने कुनै सुरसार नदेखिएपछि हामीले किन परीक्षा नभएको भन्ने विषयमा जानकारी लिन प्रसाशनिक कार्यालयमा पुग्यौं । तर, त्यहाँ सबै कर्मचारी आइसकेकाथिएनन्।आएकाहरूले पनि गैरजिम्मेवार तरिकाले जवाफ दिएका थिए। हल्ला नगर, यतिकै नम्बर दिइहाल्छुजस्तो कुरा गरिरहेका थिए।"

अन्य सेमेस्टरको परीक्षा ह्वाइट बोर्डमा मार्करले लेखेर निर्धारित समयभन्दा निकै ढिलो भएको तर, पाँचौं सेमेस्टरको परीक्षा अहिलेसम्म हुन नसकेको विद्यार्थी जयविन्दू मुखियाले सुनाए । यद्यपि, प्रशासन पक्षले भने विद्यार्थीहरू परीक्षामा उपस्थिति भएको भन्दै हस्ताक्षर गराइसकेका छन् ।

क्याम्पस प्रमुख डा. सन्तोष कर्णले प्राविधिक कारणले परीक्षा स्थगित भएको बताए । उनले अन्तिममा रोकिएको परीक्षा लिने तयारी भएको जानकारी दिए । उनका अनुसार सातवटा सेमेस्टरका विद्यार्थीको इन्टरनल एसेसमेन्ट परीक्षा राखिएको थियो। तीनवटा प्रिन्टर मेसिन छ । तर, सबै अचानक बिग्रिएको कारण एउटा मात्रै सेमेस्टरको परीक्षा स्थगित भएको उनको भनाइ छ। बाँकी सेमेस्टरको परीक्षा बोर्डमा प्रश्नपत्र लेखेर भएको थियो ।

पाँचौं सेमेस्टरको परीक्षा प्रयोगात्मक भएको हुनाले लिन नसकेको उनको स्वीकारोक्ति छ। "नयाँ वर्षको बिदापछि परीक्षा राखिएको थियो । प्रश्नपत्र तयार थियो," उनले भने, "तर, प्रिन्टर मेसिन नै बिग्रियो । तर, पनि सबै सेमेस्टरको परीक्षा भयो । पाँचौं सेमेस्टरको प्रयोगात्मक परीक्षा हुन सकेन । अन्तिमतिर लिने तयारी छ ।"

# शिक्षक भर्नाको विज्ञापन स्थगित




**टुडे समाचारदाता**

लहान। सिरहाको गोलबजार नगरपालिका ८ स्थित जनता माध्यमिक विद्यालय चन्द्रालपुरले शिक्षक तथा कर्मचारी भर्नाको विज्ञापन स्थगित गरिएको छ।

आवश्यक कानुनी प्रक्रिया पूरा नगरी विज्ञापन प्रकाशित गरिएको भनी चर्को आलोचना हुन थालेपछि शिक्षा शाखाले थप प्रक्रिया अघि नबढाउन निर्देशन दिएको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुख अनन्त पौडेलले शिक्षक भर्ना जस्तो संवेदनशील विषयमा नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाइसँग अनिवार्य समन्वय तथा अनुमति लिनुपर्ने व्यवस्था छ । तर, विद्यालयले सो प्रावधान उल्लंघन गर्दै एकतर्फी रूपमा विज्ञापन निकालेको पाइएपछि रोक लगाइएको बताए ।

विद्यालयले गत चैत ३० गते एक साते म्याद राखेर १५ जना शिक्षकसहित कार्यालय सहयोगी र बस चालक गरी १७ जनाका लागि आवेदन आह्वान गरेको थियो । तर, आवश्यक स्वीकृति बिना प्रक्रिया अघि बढाइएकाले तत्काल प्रभावबाट विज्ञापन स्थगित गरिएको हो ।

शिक्षा शाखाले विद्यालयसँग 'कसको अनुमतिमा विज्ञापन निकालिएको भन्दै लिखित स्पष्टीकरण माग गरेको छ । विद्यालयका प्रधानाध्यापक ब्रह्मदेव सिंहले भने विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार आन्तरिक कार्यविधि पालना गरेर विज्ञापन गरिएको दाबी गरेका छन् ।

निजी स्रोतबाट करार वा ज्यालादारीमा राखिने शिक्षकका लागि अनिवार्य रूपमा अध्यापन अनुमतिपत्र आवश्यक नपर्ने व्यवस्था रहेको भन्दै उनले प्रचलित शिक्षा नियमावलीले शिक्षण पेशामा संलग्न हुन अध्ययन अनुमतिपत्र अनिवार्य गरेको प्रावधान स्पष्ट रूपमा बताए ।

यसअघि पनि सो विद्यालयले प्रक्रिया मिचेर व्यक्तिगत प्रभावमा शिक्षक तथा कर्मचारी नियुक्त गरेको आरोप लाग्दै आएको थियो । स्थानीयवासीले पुराना व्यक्तिहरूलाई मिलाउनकै लागि नयाँ विज्ञापन निकालिएको हुनसक्ने आशंका गरेका छन् ।

हार्दिक बधाई



हाम्रा अत्यन्त सहयोगी
मित्र
उद्योगपति एवं समाजसेवी
प्रमोद चौधरी मारवाडी सेवा
जनकपुरधामको गरिमामय
अध्यक्ष पदमा निर्वाचित हुनु
भएकोमा हार्दिक बधाई
एवं शुभकामना व्यक्त गर्दै
उहाँको उत्तरोत्तर प्रगतिसहित
सफल कार्यकालको कामना
गर्दछौं ।

जनकपुर टुडे परिवार
जनकपुरधाम

श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बालश्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरुलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरुको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८